Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष -१६, अंक- २, २०८० साल साउन १६ गते मंगलबार (Aug 1, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइल: ९८५१०८७१५६**
Email : janaakash.com.np@gmail.com

# बृद्धाबद्धाको देश बन्दै नेपाल

मोहन कार्की

काठमाडौ । काठमाडौ राजधानीमा एका विहानैको दृष्य हेर्न निस्कियौ भने कोरियन, जापानिज, अग्रेजी, फ्रान्सेली भाषा पढ्न हिडिरहेका गाडीमा कोचाकोच गरेर युवायवतीहरु कन्सल्टेसीमा लाईन लागिरहेको देखिन्छ। यो अलि राम्रो देश जान सक्ने बुबा आमा कतै न कतै धेर थोर आम्दानी गर्न सक्ने भएका छोराछोरीको दैनिकी हो । कतिपय स्टुडेन्ट भिषामा विदेश जाने कतिपय कोरियन इपिस पास गरेर कोरिया जाने जापनिज सिकेर जापान जाने त्यस्तै अन्य मुलुकहरुमा जानलाई त्यस देशको भाषा सिक्ने गरेका छन् । कस्तो बिडिम्बना अरुको देशको भाषा सिक्नलाई मार्षिक २५ हजार देखि ३० हजारसम्म रकम तिरेर अर्काको देशमा काम गर्न जान आतुर युवापुस्ता तयार गर्दै पठाउदै छ नेपालले । जम्मा जम्मी ३ करोड जनतालाई व्यावस्थापन गर्न सक्दैन ।

अर्को समूह हुन्छ दिउसाको दृष्य हेरौ चक्रपथ, सिनामंगल क्षेत्रतिर हेर्‍यौ भने पछाडी रुप्सा भिरेका हेर्दा नै गाउँघरवाट आएका युवा युवतीहरुको लर्को देखिन्छ । उनिको हातमा पासपोर्ट काखीमुनी माईक्लिर फाइलमा आवश्यक कागजपत्र हुन्छ । उनिहरु वर्किङ भिसाको लागि कोहि अलि राम्रो देशमा जान पर्‍यास गर्छन । कोही खाडी मुलुक, कुवेत, साउदी अरव, दवै, मलेसिया, कतार लगायत देशमा जान आतुर छन् । त्यो पनि रिन खोजेर ल्याएको पैशा तिरेर अव बाँकी को रहन्छन् । बिबाह गरेका युवाको श्रीमती र बालबच्चा, युवती हो भने श्रीमान र बालबच्चा एकजना बिदेश जाने बित्तिक्कै छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिने नाममा तिनले पनि घरमा भएका बुढाबुढी आमा बालाई छोडेर शहरमा पस्छन् । ति बुबा आमाले छोराछोरी ठुला भएपछि हेर्लान मेरा त यतिवटा छोरा छन् । यतिवटी छोरी छन् । भनेर आनान्दको कुनैवेलाको रबाफ हुन्थ्यो तर अचेल छोराछोरी बढेर एकाएक यसरी बिदेश पलायनको घटनाले बुढेसकालमा आखाँभरी आशु जमाएर बस्नु शिवाय अरु केही पाएका छैनन् ति बुबा आमाहरुले ।

झण्डै दुईतिहाई आमा बुबाहरुको समस्या यहि छ । गाउमा बसोबास गरेकाहरुको लागि त अभाव भयो होला विदेश गए भनेर चित्त बुझाउदा हुन्थ्यो । शहरमा घर बनाएर बसेका शहरीयाका छोराछोरी पनि पढ्ने वहानामा कोही अमेरिका कोही क्यानाडा, अष्ट्रिेलिया, कोही जापान, कोही युरोप तिर गएकाछन् । गएपछि आज आउला आउदैन भोली आउला आउदैन । उत्तै बस्न थाल्छ । बुढेसकाल लागेका बुबा आमाको हेरचाह गर्ने मानिस समेत हुदैन । काठमाडौ शहरमा भनेको बेलामा पैशा नै भएपनि काम गर्ने मानिसको अभाव हुन थालिसकेको छ ।




यसरी नेपाल देश बृद्धाबृद्धाको मात्र देश बन्दैछ । यसको दोष कस्ले लिने ? दोष कसलाई लगाउने ? जिम्मेवार को को हुन ? नेपालका उद्योग सक्ने को को हुन् ? नेपालमा अराजकता मच्चायर के के प्रगती गराउछौ भनेर राजनीतिमा बराल्ने सीप सिक्नवाट बाँकी ६ पष्ठमा

# महासंघद्धारा संघीय संसद भवन अगाडि शान्तिपूर्ण धर्ना

काठमाडौं । नेपाल निर्माण व्यवसायी महासंघले सोमवार प्रधानमन्त्री निवास बालुवाटार र संघीय संसद भवन अगाडि शान्तिपूर्ण धर्ना दिएको छ। बालुवाटारमा विहान ९ बजेदेखि १० तथा संघीय संसद भवन अगाडि दिउँसो ३ बजेदेखि ४ बजेसम्म धर्ना दिइएको हो ।

बालुवाटारमा विहान धर्ना कार्यक्रमको शुरुवात गर्दै महासंघका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीहरूका जायजमाग प्रति राज्य अनुदार भएका कारण महासंघ आन्दोलनमा उत्रिएको स्पष्ट पारेका छन् । धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका पूर्व अध्यक्ष सुकुन्तलाल हिराचनले राज्यले निर्माण उद्योगको महत्व बुझ्न नसकेको टिप्पणी गर्नुभयो ।



महासंघका सल्लाहकार एवं पूर्व अध्यक्ष जयराम लामिछानेले निर्माण व्यवसायीहरूको वास्तविक मर्मलाई राज्य, संचार माध्य कसैले बुझ्न नसकेको भन्दै अझ सशक्त आन्दोलन अपरिहार्य रहेको बताउनु भयो ।

महासंघका सल्लाहकार एवं पूर्व वरिष्ठ उपाध्यक्ष निकोलस पाण्डेले मुलुकको निर्माण उद्योग कठिन अवस्थामा पुगेको बताए । महासंघका महासचिव रोशन दाहालले आन्दोलन व्यवसायीहरूको रहर नभई बाध्यता भएको बताउनुभयो । महासंघले आइतवार विहान राजधानीको ताहाचलस्थित सार्वजनिक अनुगमनको कार्यालयमा एक घण्टा धर्ना दिएको थियो ।धर्नामा सहभागीहरूले विभिन्न निकायमा काम गरे बापतको रकम तुरुन्त भुक्तानी गर, सम्पूर्ण ठेक्काको एकमुष्ट म्याद थप गर, जुनसुकै अवधिको ठेक्काको मूल्य समायोजन गर, बीमा निर्देशिका–२०७८ खारेज गर, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने नियम खारेज गर, सार्वजनिक खरिद ऐन तथा नियमावली तुरुन्त संशोधन गर,लगायतका नारा लगाएका थिए ।

# नेपाललाई श्रमिक होइन सेवा निर्यात गर्ने देशको रुपमा स्थापित गर्न चाहन्छौं: मन्त्री शर्मा

काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले श्रमिक मात्र निर्यात गर्ने देशको पहिचान बदलेर अब नेपाललाई सेवा निर्यात गर्ने देशको रुपमा स्थापित गर्न चाहेको बताउनुभएको छ ।

इन्टिच्यूट फर इन्टेग्रेटेड डेभलपमेन्ट स्टडिजले गरेको नेपालमा सूचना प्रविधिको बृद्धिसम्बन्धी राष्ट्रिय प्रसार सम्मेलनलाई सम्वोधन गर्दै उहाँले यस्तो धाराण राख्नुभएको हो ।


कार्यक्रममा नेपालमा सूचना प्रविधिको समग्र अवस्था र सेवा निर्यातसम्बन्धी प्रतिवेदन सार्वजनक गरिएको थियो ।



प्रतिवेदनलाई उधृत गर्दै मन्त्री शर्माले सन् २०२२ सम्म एक सय ६ वटा कम्पनी र ६६ हजार पाँच सय ९ जना फ्रिलान्सरले नेपालमै बसेर सूचना प्रविधि सेवा निर्यात गरेको तथ्य सार्वजनिक हुनु महत्वपूर्ण पक्ष भएको बताउनुभयो- 'यसरी पाँच सय पन्ध्र मिलियन अमेरिकी डलर बराबरको सेवा निर्यात गरी नेपालको कूल गार्हस्थ बाँकी ६ पष्ठमा

# मेयर बालेनले भने,समाजसेवी भद्रकुमारी घलेको आर्शिवादले मलाई प्रेरेणा मिलेको छ

काठमाडौ । काठमाडौ महानगरपालिकाका मेय बलेन्द्र शाह(बालेन)ले एक पत्र लेखेर आफ्ना नगर प्रहरीलाई लिखितै पठाएर निष्ठावान, समाजसेवी भद्र कुमारी घलेलाई आमा सम्बोध गरी पठाएका छन् । उनले पत्रमा भनेका छन् । राजुनाथ पाण्डे(नगर प्रहरी प्रमुख काठमाडौ महानगरपालिका) आज मितिः २०८० साल साउन १० गते आमा भद्र कुमारी घलेको घरमा अर्थात निवासमा आमाको बाहुलीवाट आशिवाद लिन पाउदा अत्यन्तै खुशी लागेको छ र आफुलाई भाग्मानी महसुस गरेको छु । र साथै उहाको साहासी जिवन र उच्च विचार हामीहरु जस्तो राष्ट्र सेवकलाई एक प्रेरेणाको स्रोत हो भन्ने महसुस गरेको छु । साथै आगामी दिनमा आमाको बचन र आशिवादलाई शिरमा राखेर इमान्दार कतव्यनिष्ठा भएर काम गर्ने देशको सेवा गर्ने प्रण गर्दछु ।





...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

# सम्पादकीय - - - - -

## नेपाली सेना घटाउने देश खाली गराउने मिसन जारी

नेपालमा सेना घटाउने नेपाल देश खाली गराएर मरुभुमिमा परिणत गराउने बिदेशी योजनाको प्रष्ट रुप सदनमा देखिएको छ । नेपालको आर्थिक भार घटाउने नाममा सदनमा जुन खालका अभिव्याक्तिहरु आईराखेका छन् । यो निन्दनीय छ । नेपाल साच्चै भन्नुपर्दा राणाकालीन युगमा आत्मनिभर थियो हत्तियार आफै बनाउथ्यो । गोली आफै अत्पादन गर्थ्यो । सेनाले बढाइका लागि प्रयोग गर्ने तोप आफै बनाउथ्यो । तोपमा प्रयोग हुने बारुद आफै बनाउथ्यो ।

रामेछापको ठोसेमा र ललितपुरको फुलचोकीमा फलाम खानीवाट फलाम निकालेर बन्दुक बनाउथे र त्यही बन्दुकको साहायताले नेपाली सेनाले भोट युद्ध जितेका थिए । भोटलाई जितेर नेपालले किर्तिमान कायम गरेको थियो । पछि चीनले भोटलाई सहयोग गरेको कारण भोटसँग युद्ध गरेर नेपालले जितेको भु-भागहरु नेपालले रक्षा गर्न सकेन । त्यही चीनलाई हामी मित्र राष्ट्र मान्न बाध्य छौ । किनकी हाम्रो सीमाना भारत चीन वाहेक अन्तराष्ट्रियस्तरमा कतै जोडिएको छैन । हामी भारत र चीनले घेरिएका छौ । भु-परिवेष्ठितको अधिकार संयुक्त राष्ट्रसंघको कागजमा मात्र सिमित छ ।

आज समय फेरिएको छ । साम्रज्य फैलाउने अभियानमा लागेको अमेरिकालाई टक्कर दिदै चिनले पनि आफ्नो साम्राज्य फैलाउने व्यापारिक तरिकावाट अग्रसरता कायम गरिरहेको छ । त्यसैगरी भारतले क्षेत्रिय शक्तिको रुपमा देखाउन बेला बखत हर्कत देखाउदै गएको छ ।

नेपाल देशलाई अस्थिरतामा धकेलेर सधै परनिर्भर बनाउने नीति अर्न्तगत डाक्ट्रिन पोलिसी लागु गरेको भारतले भारतमा नै स्थापना गरिदिएका नेपाली काँग्रेस, एमाले, पछि माओवादी जस्ता पार्टीहरु जन्माईदिएर नेपाललाई उसैले भनेको मान्ने बनाएको थियो । विगत ४० बर्ष देखि भारतले स्थापना गरिदिएका पार्टीहरुको सरकार नेपालमा छ । नेपालमा व्यापार गर्ने भारतीय मुलका नेपालमा अवैध नागरिता लिएका मारवाडीहरुको बाहुल्यता छ । तिनैको बैक, हस्पिटल, स्कुल, कलेज, ट्रेडिङ, उद्योग छ । राजनीतिक पार्टीहरुलाई चलाउने यिनीहरुनै हुन् । कुन पार्टीलाई कति चन्दा दिने र कुन नेताले ब्यापारीले भनेको मान्छ त्यसलाई चुनावको वेला ठुलो मात्रमा चन्दा दिने र त्यसैलाई जिताउने पछि चुनाव जितेपछि अवैद्य काम गर्न त्यो चुनाव जितेर सरकारमा पुगेको नेतालाई व्यापारिको समूहले काम गर्न लगाउने गरेका छन् । त्यो संसद, मन्त्री त्यस्तो नाजायज काम गर्न बाध्य हुने गर्दछन् । त्यस्तै अहिले सदनमा नेपाली सेनाको संख्या घटाउनुपर्छ भनेर अभिव्याक्ति दिने संसदहरुले चुनावताका चुनाव जित्न रक्सि, मासु, पैशा वाडेर चुनाव जितेकाहरुले ति विदेशी शक्तिले नेपाली ब्यापरि मार्फत अप्रत्यक्ष पैशा लिएका हुनुपर्छ । त्यसैको परिणाम हो ।

नेपालका युवा पुस्तालाई नेपालमा केही गर्न सकिदैन सम्भावनाहरु केही छैनन् भन्ने अवस्थामा पुऱ्याउन ल्याइएको प्रजातन्त्र नामको व्यवस्थाले नेपालमा भएका उद्योग कलकारखाना सवै बन्द गराएर, केही निजीकरण गरेर सकेको संसारलाई थाहा छ । नेपालमा जव प्रजातन्त्र स्थापना भयो त्यतिवेला नै भद्रकाली मिश्र जो नेपाली काँग्रेसका नेताले त्यतिवेला नै नेपाली सेनाको संख्या घटाउनुपर्छ भनेर अभिव्याक्ति दिएका उदारण छन् । त्यसैगरी वेला बखतमा विदेशी मिसनमा काम गरिरहेका नेपाली नागरिता बोकेर अनुहार नेपाली देखिने कुनियत भएका पात्राहरुले नेपाल राष्ट्रको रक्षाको लागि गौरवपुर्ण ईतिहास बोकेको नेपाली सेनाको संख्या घटाउने र अनर्गल नेपाली सेनालाई अनेक खालका भ्रम पैदा गर्ने खालका काम गराउदै आएका छन् । भुमिगत कालवाट शान्ति प्रक्रियामा आएका नेकपा माओवादी पार्टीका अध्यक्ष प्रचण्डले पनि एक कार्यक्रममा सेना घटाउने अभिव्यक्ति दिएका थिए । उनले भनेका थिए, "नेपाली सेनाको संख्या दश हजारभन्दा बढी राख्न जरुरी छैन । नेपाली सेनाले युद्ध गर्नुपऱ्यो भने न भारतलाई जित्छ । न चीलालाई र नेपाल कसैसँग पनि युद्ध गर्न जरुरी नै छैन ।" भनेका थिए ।

यस्ता गैर जिम्मेवार भएर राष्ट्रलाई असर पुऱ्याउने काम कोही कसैवाट हुनुहुदैन । नेपाली सेना राष्ट्रलाई आवश्यक पर्दा तयारी अवस्थामा राख्नुपर्छ । सवै क्षेत्रमा निरासा पैदा भएर देशवाट नेपाली समुदाय पलायन भईरहेको वेलामा नेपाली सेना पनि घटाउने हो भने नेपालमा नेपाली समुदायको संख्या आदी खाली भइसकेको छ । सेना पनि घटाउदा देशै खाली हुने र चीन र अमेरिकाको बम, बारुद्ध पडकाउने ति सेनाहरुलाई भारतले खाद्यन्न बेच्ने देशको रुपमा पुऱ्याउने काम हुन लागेको सहजै अनुमान लगाउन सकिन्छ ।

नेपालले बरु नेपालमा नै हत्तियार उत्पादन गर्ने सैनिकहरुको क्षमता विकास गर्ने आधुनिकीकरण गर्ने, विश्व परिवेशमा भईरहेका युद्ध, शान्ति सेनामा गएर लिएको अनुभव नेपाली समुदायमा राख्ने जस्ता विकासका काममा समेत सैनिको भुमिका हुदै आएको छ । त्यसलाई अझै बढाएर राष्ट्रको विकास र जनता बीचमा नेपाली सेनाको भुमिका बढाउनुपर्ने देखिन्छ ।

यसो गर्न सकिएन र सैनिक घटाउने कुपात्राहरुको पछि लागेर नेपालको अस्तित्व समाप्त पार्नेतिर अग्रसर हुदै जाने हो भने विश्वका नेपालीहरुको आस्थाको घरोहर नेपाल देश सकिने वित्तिक्कै त्यो सेनाको संख्या घटाउनुपर्छ भन्ने पात्रको पनि त अस्तित्व समाप्त हुन्छ होला नि कि कसो ?

# अब पनि बुद्धि पलाएन भने



बालकृष्ण मैनाली

कुनै पनि नयाँ कुरा जन्मदा वा जन्माइँदा अथवा उद्धोष गर्दा वा प्रयोग गर्दा समर्थन, विरोध, फाइदा, बेफाइदा, अनुकूलता, प्रतिकूलता लगायत अप्ठ्यारा, सप्ठ्यारा र विभिन्न समस्याहरुबाट अगाडि बढ्दै जान्छ । यो सामान्य प्रक्रिया हो र नियति पनि । नेपालमा वर्तमा संविधान जारी हुनुभन्दा अगाडि र जारी भएपछिका अवस्थामा सिर्जित हाम्रो देशको सप्ठ्यारा-अप्ठ्याराहरुलाई विश्वले नै एकदम चाख दिएर अवलोकन गरिरहेको छ । संविधान लागू भएपछि आ-आफ्ना अनुकूल अनुसार विभिन्न सञ्चारमाध्यमहरुमा संविधानको समर्थन, स्वागत र विरोधमा स्वरहरु जसरी पहिले छाइरहेका थिए त्यसै गरी अहिले पनि छाइरहेका छन् ।

त्यति बेला नेपालको संविधान जारी हुनुअघि भारतले खेलेको भूमिका र संविधान जारी भएपछि लगाएको नाकाबन्दीबारे विश्व नै तरंगित भएर चर्चा र बहसको विषय बन्न पुगेको थयो । भारत र नेपालबीच रहेको शताब्दीयौं दरिलो सम्बन्धलाई खलबल्याउने प्रयासमा भारत र नेपालबीच आफ्नो स्वार्थ अनुकूल खेल्ने खेलाडीहरुले त्यो बेलामा पनि मौका छोपेका थिए र देशको सामान्य आन्तरिक विषयलाई आफ्नो स्वार्थमा पार्न नाकाबन्दीजस्तो क्रुरतम क्रियाकलापलाई अगाडि बढाउन सफल भएका थिए । यस्तै कार्यहरुमार्फत समय-समयमा खेलाडीहरुले आ-आफ्नो स्वार्थसिद्ध गर्न विगतमा पनि धेरैपल्ट मरिहत्ते प्रयास गरेका थिए, कहिले सफल भएका थिए भने कहिले असफल ।

यी खेलाडीहरुले भविष्यमा पनि मौका अनुसार यस किसिमका अमानवीय गतिविधिहरु गरी नै रहनेछन् । यस किसिमका घृणित खेलहरु त्योभन्दा अगाडि पनि नभएका होइनन् । विभिन्न कालखण्डका इतिहास यस कुराको साक्षी छन् । अवस्था अनुसार खेलाडीहरु फेरिने गर्छन् । त्योभन्दा अगाडिका खेलाडी अन्य कोही थिए भने यसपल्टका खेलाडी अन्य कोही छन् । फरक त्यतिमात्र हो । यो धङधङ्तीले अहिलेसम्म सम्बन्धित सरोकारवालाहरुलाई छोडेको देखिँदैन ।

हाम्रो देशको विकासमा सहायक हुन जाने केही मूल्य र मान्यताहरु छन्, जसलाई सरकारमा र संसद्मा प्रतिनिधित्व गरिरहेकाहरुले आत्मसात् गरेर आफ्नो शासन शैलीमा परिवर्तन ल्याउनु अनिवार्य देखिएको छ । प्रत्येक पाँच-पाँच वर्षमा हुने गरिएका जनप्रतिनिधि छनौट गर्ने सवालमा जनता अर्थात् मतदाताहरु अब साँच्चिकै सचेत भैसकेको अनुभूति हुन पुगेको छ । अब २०८४ को निर्वाचनमा खोक्रा अश्वासन, कप्टी र छली भाषणले स्थान नपाउने पक्का भैसकेको छ । देशमा बेथिती र विसंगति नभएको क्षेत्र पहिल्याउन गाह्रो भएको छ ।

अनुशासनहीनताले सीमा नाघिसकेको छ । जनजन हरेक क्षेत्रमा आनन्द प्राप्तिको सट्टा अक्रान्तमा बाँच्न विवश भएका छन् । भ्रष्टाचार अन्त्यको अश्वासन सही अर्थमा कार्यान्वयन हुन गाह्रो हुन पुगेको छ । विकासको मुद्दालाई माध्यम बनाउँदै विभिन्न देशका दूतहरु र स्वदेशका दूतहरुसमेत आ-आफ्ना रुचिहरुलाई प्रयोग गर्ने थलोको रुपमा देश चिनिन थालेको छ । अरु त अरु, नेतृत्वको दूरदृष्टिको अभावले शहरी क्षेत्रहरुमा हुने सामान्य ट्राफिक नियन्त्रण काबुबाहिरको स्थितिको रुपमा देखा परिरहेको छ । एकातिर भएका सडकको दाँजोमा यातायातका साधनहरुको संख्या अत्यधिक भएको छ, तैपनि कार्यालय आउने-जाने समयमा सार्वजनिक यातायातमा हुने भीडको चापले वृद्धवृद्धा, महिला तथा बालबालिकाको हबिगत हेरी साध्य छैन । देशमा परिवर्तनको संवाहक बनेर विविध सेवामा प्रवेश पाएका केही राष्ट्रसेवकहरु केही महिना वा केही वर्ष थुनामा बसेर करोडौं वा अर्बौं पचाउन पाइन्छ भन्ने मान्यताबाट ग्रसित हुन पुगेका छन् । विश्वका अन्य मुलुकहरुमा अपराध गरेर सजिलोरुपमा लुक्न पाउने अखडाको रुपमा समेत परिचित हुन पुगेको छ हाम्रो देश । आपराधिक मनोवृत्ति भएका व्यक्तिहरुले आफ्नो आपराधिक कार्यको लागि हाम्रो देशलाई सुगम देशको रुपमा लिन थालेका छन् । यी यावत् कुराहरुलाई समयमै सम्बोधन कसरी गर्ने भन्ने पिरलोले देश ग्रसित हुन पुगेको निकै समय भइसकेको छ ।

विभिन्न कालखण्ड हुँदै आजको दिनसम्म आइपुग्दा जनजनलाई के स्पष्ट भैसकेको छ भने, देशमा सञ्चालन हुने कुनै पनि नामको शासन व्यवस्था वा शासन पद्धति आफैँमा खराब हुँदै हुँदैन, यदि खराब हुन्छ भने शासन सञ्चालनको लागि जिम्मा पाएका सञ्चालकहरुको मनोवृत्ति । शासन सञ्चालक सक्षम हुन पुगे भने कानुनी शासनको माध्यमबाट आफू पनि सम्बोधित हुन्छन् र अरुलाई पनि सम्बोधित गराउँछन् । यस कुरामा विमति छँदै छैन । क्षमता नभएका वा क्षमता भएर पनि कानुनी शासनको माध्यमबाट सत्ता सञ्चालन गर्न इच्छुक नभएका सञ्चालकको हातमा सत्ता पुग्यो भने शासन पद्धतिबारे संविधानमा वा अन्य कानुनहरुको लेखावटमा जतिसुकै अधिकारका वर्णनहरु भए तापनि त्यो वर्णनको कुनै उपादेयता रहने छैन र त्यसले सार्थकता पनि पाउँदैन भन्ने कुरालाई संविधानका धाराहरुमा उल्लिखित सुशासन, मानव अधिकार, न्यायपालिका मर्म कार्यान्वयन भइनरहेको वर्तमान अवस्थाहरुले प्रमाणित गरिरहेका छन् । शान्ति सम्झौता भएको मितिले आजको यो अवस्थासम्म आइपुग्दा पनि पीडितहरुको आवाजको सार्थक सम्बोधन हुन नसक्नु योभन्दा लज्जास्पद देशको अवस्था अन्य के हुन सक्ला ?

कानुनको शासनलाई सर्वोपरि राखी सत्ता सञ्चालित भएको देशमा कानुन कार्यान्वयनको अर्थले महत्वपूर्ण भूमिका राख्छ । आफ्ना देशका नागरिकलगायत अन्य देशका नागरिकहरुसमेतको नालीबेली आफ्नो देशको सिस्टममा एकचोटि प्रवेश गराएपछि त्यो मुलुकभर उसले गर्ने प्रायः सबै गतिविधिहरुका लेखाजोखा राख्ने कार्य स्वतः परिचालन हुन्छन् । एकचोटि आपराधिक कार्यमा संलग्न भएर कानुनीरुपमा अपराधी घोषित व्यक्तिले पुनः अपराधमा प्रवेश गर्ने सम्भावना ज्यादै न्यून रहन्छ । त्यतिमात्र होइन, आफ्नो देशको नागरिकले अरु देशमा गएर जान-अनजानमा गरेको अपराधलाई ती देशका सरकारले आफूलाई लज्जाबोध महसुस गर्छन् र कुनै पनि हालतमा अपराधमा संलग्न व्यक्तिलाई आफ्नो देशमा फिर्ता ल्याएर आफ्नो देशको कानुन अनुसार सजायको भागीदार बनाउन मरिहत्ते गर्छन् ।

प्रत्येक विकासको पछाडि कानुनको सही कार्यान्वयन, त्यसको पालना र अनुशासनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विश्वका विकसित देशहरु आजको अवस्थासम्म आइपुग्ने विविध कारणहरुमध्ये एउटा महत्वपूर्ण कारण व्यक्तिगत सम्पत्ति र चाकडी प्रथालाई गौण ठान्नु पनि हो । अरु देशमा यदि जनताको निमित्त सेवामुखी राजनीति गर्ने हो भने व्यक्तिगत सम्पत्तिको मोह त्याग्नुपर्ने कुरालाई महत्व दिँदै सेवामुखी योगदानमा आधारित राजनीति गर्दछन् । हाम्रो देशमा चाहिँ सबै वर्गका राजनीतिक व्यवसायीहरु जोगी हुनलाई राजनीतिमा प्रवेश गरेको होइन भन्ने पुरानो उखान टुक्कालाई प्रचलनमै राख्दै देशको स्रोत दोहन गर्ने कार्यमै मख्ख परेर आफ्नो कार्यलाई जारी राख्ने गर्दछन् ।

द्वन्द्वलाई विसर्जन नै गर्ने उद्देश्यले जनताले त्यति बेला संविधानसभाको निर्वाचनमा द्वन्द्वरत पक्षहरुलाई पनि राम्रै मत दिई द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न मनग्गे सहयोग गरेका थिए । राज्य जनप्रतिनिधिविहीन बनेको बीसौं वर्ष पुगेको अवस्था थियो त्यो बेला । तत्कालीन सरकार भए तापनि जनताबाट निर्वाचित भएका थिएनन् र पुरानै निर्वाचनको सुगा रट लगाएर केही राजनीतिक व्यवसायीहरुले र कर्मचारीहरुले राज्यको स्रोतमा हालिमुहाली चलाइरहेका थिए । यस अवस्थामा धेरै वर्षपछि भए पनि सबै तहमा निर्वाचनमार्फत जनप्रतिनिधिहरु पुगेपछि अब सार्थक सम्बोधन हुने आशामा बसिरहेका जनजन आजको दिनसम्म आइपुग्दा राजनीतिक दलका नेताहरुको अनुहार देख्न नपाए हुन्थ्यो भन्ने मनस्थितिमा पुगिसकेका छन् । के कुरामा विमति छैन भने, सशस्त्र द्वन्द्वबाट राज्य रुपान्तरण भएको भन्ने जति कुराको व्याख्या गरिए तापनि त्यसको फलिफाप केही वर्ग र राजनीतिक व्यवसायीहरु र तिनका आसेपासेदेखि बाहेक सम्पूर्ण जनताको हितमा सार्थक सम्बोधन गर्न सकेको छँदै छैन । सँगसँगै के कुरा पनि साँचो हो भने, सशस्त्र द्वन्द्वका समयमा दुवै तर्फबाट साना-ठूला गल्ती भएकै हुन् । त्यो सशस्त्र द्वन्द्व कालीन सम्बन्धित नायकहरुलाई पनि थाहा छ र सशस्त्र द्वन्द्वका बीचमा जो-जो सरकारमा पुगे ती राजनीतिक व्यवसायीहरुका प्रत्येक सदस्यहरुलाई ज्ञात छ । तिनीहरु सबैले आ-आफ्ना गल्ती कसरी छोप्ने र अर्को एक पक्षलाई मात्र दोष कसरी थोपर्न सकिन्छ भन्ने अभियानमा लागेको कारणले नै अझसम्म यो विषयको सम्बोधनमा बाधा उत्पन्न भैरहेको छ । विगतमा नियुक्त भएका पदाधिकारीहरुले पनि दबाबमा काम गर्न नसक्नुको कारण यही नै हो र हाल नियुक्त भैसकेकाहरुको मुखमा बुजो लागिरहनु र सशस्त्र द्वन्द्वबाट पीडित भएका पीडितहरुले जतिसुकै न्यायोचित आवाज उठाए पनि त्यसको सुनुवाइ नहुनुको कारण पनि यही हो ।

वास्तवमा जनताले त्यसरी साथ दिँदा पनि राजनीतिक व्यवसायीहरुका आपसी द्वन्द्वले कहिल्यै निकास पाएन । राज्यमा रहेको स्रोतमा कसरी कब्जा जमाउने भन्ने ध्यानमै राजनीतिक व्यवसायीहरुका महत्वपूर्ण समय खेर हुन पुग्यो । मिलिजुली सरकारको नाउँमा होस् वा बहुमतको सरकारको नाउँमा होस् अथवा दुई तिहाइका नाउँमा होस्, जनताका वास्तविक समस्याले आजसम्म आइपुग्दा सार्थक सम्बोधनले प्रश्रय नै पाउन सकेन । सके दुई तिहाइ नसके एउटै राजनीतिक दलका व्यवसायीहरुलाई राज्यको स्रोत चलाउने स्थानमा पुऱ्याइदेऊ भनेर रोइकराइ गर्न थालेपछि लौन त गर्छौ भने गर भनेर बहुमत मात्र होइन राजनीतिक दलका व्यवसायीहरुलाई पुग्ने गरी करिब दुई तिहाइ नै थमाइदिए । यसरी माया गर्ने मतदाताहरुलाई राजनीतिक दलका व्यवसायीहरुले दुई तिहाइको दम्भलाई मात्र आत्मसात् गरी आफ्नो र आफ्नो वरिपरिका रुचिहरुका विषयलाई सम्बोधन गर्दै आफ्नो अमूल्य समय व्यतीत गरे अनि फेरि तँभन्दा म के कम आपसमा छुट्टिएर एक-अर्कालाई सत्तोसराप गरिरहेका छन् । यदि राजनीतिक व्यवसायीहरुका उद्देश्य नै जनजनलाई यो वा त्यो नाउँमा भ्रमित गरी आफ्नो स्वार्थ केन्द्रित मात्र काम गरिरहने हो भने अब खबरदार भनेर राजनीतिक व्यवसायीहरुका विरुद्ध जनमत सडकमा आउन तयारी अवस्थामा रहेको छ ।

बाँकी ६ पष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# नेपाली उपभोक्ता संरक्षण महासंघको साधारण सभा साउन २६ गते हुने

काठमाडौ । आम उपभोक्ताले भोग्नुपरेको कालोबजारी, भ्रष्टाचार, कुशासन, गुणस्तरहिन, अखाद्य बस्तु तथा सेवाकाविरुद्ध उपभोक्ता हकहितका लागि जनस्तरको खवरदारी गदै आएको नेपाली उपभोक्ता संरक्षण महासंघको दोस्रो साधारण सभा यहि साउन २६ गते गर्ने भएको छ ।

महासंघको केन्द्रीय कार्यालयमा बिजुली बजामा बसेको केन्द्रीय समितिको बैठकले साधारण सभा साउन २६ गते काठमाडौमा गर्ने निर्णय गरेको महासंघका केन्द्रीय सदस्य बिष्णु गिरीले जानकारी दिए । गिरीका अनुसार साधारण सभा सफल बनाउन बिभिन्न समितिहरु पनि गठन गरिएको छ । सुचना तथा सन्चार समिति-संयोजक लुमडी बा.कार्कि, अर्थ ब्यबस्थापन समिति-संयोजक दुर्गा थापा, मञ्च ब्यबस्थापन समिति-संयोजक अर्जुन कुमार श्रेष्ठ, संयमसेवक समिती संयोजक सोभितमान गिरी,अतिथी सत्कार समिति- शुष्मा




रावल संयोजकमा समिति गठन गरेको छ ।

समितिका बैठक पछि बोल्दै अध्यक्ष चन्द्र साउदले सबैखाले भष्ट र कालो बजारीयाहरुलाई कारबाही गनुपर्नेमा जोड दिए । उनले अधिकार सम्बन्न बजार अनुगमन समिति गठन तथा उपभोत्ता मन्त्रालय स्थापना गर्न माग गरे । अध्यक्ष साउँदले कालोबजारी गुणस्तरीयहिन बस्तु तथा सेवाको पूर्ण निस्कृयता, उपभोत्ताको हक हितको लागि जनस्तरको खबरदारी गर्ने उदेश्यले महासंघको स्थापना बताए ।

महासंघका प्रवक्ता लुमडी बहादुर काकीले नेपालको कालोबाजारी, भ्रष्टाचार, गुणस्तरहिन् अखाद्य-बिषादी बस्तुको निर्मुलिकरण गरी सर्बसाधारणको चुलोमा स्वस्थ खाना र जीवनमा स्वस्थता ल्याउन महासंघ लागि परेको बताए । देशमा व्याप्त चरम महंगी, कालोबजारी, भ्रष्टाचार, नैतिक स्खलन, अराजकताबाट देशलाई कसरी जोगाउने भन्ने बारेमा आफूहरु लागि परेको प्रवक्ता कार्कीको भनाइ छ ।

# प्रगतिशिल शिक्षाका लागि आयोजना भएको एकदिने सेमिनार सम्पन्न

काठमाडौं । प्रगतिशिल शिक्षाका लागि विद्यालय रूपान्तरण विषयमा आयोजना भएको एक दिने सेमिनार सम्पन्न भएको छ ।

काठमाडौं विश्वविद्यालय, एडचेन्ज नेपाल र निमा एकेडेमीको संयुक्त आयोजनामा आईतबार प्रगतिशिल शिक्षाका लागि विद्यालय रूपान्तरण विषयक सेमिनार भएको हो । सेमिनारमा सांसद गीता राना, निमा एजुकेसन फाउन्डेसनका सीईओ निश्चल प्रधान, एडचेन्ज नेपालका अध्यक्ष डा.राजेश्वरी मल्ल, काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका लागि डा. बालकृष्ण लुइटेल, प्राध्यापक लगायत शिक्षा क्षेत्रमा काम गर्दै आएका सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा प्रगतिशिल शिक्षाका विभिन्न विषयमा विविध छलफल भएको थियो । कार्यक्रममा काठमाडौं विश्वविद्यालयको स्कुल



अफ एजुकेसनका डीन प्रा.डा. बालकृष्ण लुइटेलले सम्बोधन गरेका थिए ।

सेमिनारमा विभिन्न विषयमा ६ वटा कार्यपत्र समेत प्रस्तुत गरिएको थियो । प्रगतिशिल शिक्षाका लागि विद्यालय रूपान्तरण विषयमा एडचेन्ज नेपालका कार्यकारी अध्यक्ष विकेश महर्जनले आफ्नो प्रस्तुती दिएका थिए ।

सेमिनारमा प्रभावकारी सिकाइ र स्कुल व्यवस्थापनमा काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका एशोसिएट डीन प्राध्यापक डा.धनपति सुवेदी र लिडरसीप प्रमुख डा. शेषकान्त पंगेनीले प्रस्तुती दिएका थिए ।

शिक्षकको व्यवसायिक विकास विषयमा प्रा.डा .लक्ष्मण ज्ञवाली र स्टिम शिक्षाको विषयमा असिस्टेन्ट प्रोफेसर विनोद पन्तले प्रस्तुती दिएका थिए । यस्तै विद्यार्थीमा एआईको प्रभाव विषयमा स्टिमपिडिया इन्डियाका विपुल कुमार र लैंगिक समस्या बारे डा. लिना गुरूङले आफ्नो प्रस्तुती दिएका थिए ।

प्रगतिशिल शिक्षाका लागि विद्यालय रूपान्तरण विषयक अन्तर्क्रिया कार्यक्रम फलदायी भएको आयोजकले जानकारी दिएको छ ।

# निर्माण व्यवसायिहरुको सरकारलाइ ९ बुदे अल्टिमेटम

काठमाडौं । आन्दोलनरत नेपाल निर्माण व्यवसायी महासंघ मातहतका सात प्रदेश महासंघहरूले मुख्य मन्त्रीहरूलाई र ७७ जिल्ला संघहरूले जिल्ला स्थित जिल्ला प्रशासन कार्यालयमा अल्टिमेटम सहित ज्ञापन पत्र बुझाएका हुन् ।

सबै निर्माण कार्यको भुक्तानी हुनुपर्ने, सबै आयोजनाहरूको एकमुष्ट रुपले म्याद थप हुनुपर्ने लगायतका नौ बुँदे माग सहित नेपाल निर्माण व्यवसायी महासंघ आन्दोलनरत छ ।

अत्याधिक र अप्रत्याशित रुपले भएको मूल्यवृद्धिलाई सम्बोधन हुने गरी मूल्य समायोजन गरिनुपर्ने, अन्यौलग्रस्त र बजेट नभई काम हुन नसक्ने रुग्ण आयोजनाहरू एवं काबु बाहिरका निर्माण कार्य सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने, चेक बाउन्स र बैक ग्यारेण्टी जफत गर्ने लगायतका कार्वाही रोकिनुपर्ने, बीमाको प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गरिनुपर्ने, श्रोतमा कट्टा गरेको अग्रीम आयकर र मु.अ.करको कट्टी रकम समयमा नियोक्ताले राजस्व खातामा दाखिला गरिनुपर्ने, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने व्यवस्था खारेज गरिनुपर्ने र पूर्वाधारसँग सम्बन्धित् सार्वजनिक खरिद ऐन, नियम व्यवसायीमैत्री हुनुपर्ने माग महासंघले अघि सारेको छ ।

आन्दोलनको कार्यक्रम अर्न्तगत महासंघले सोमबार प्रधानमन्त्री कार्यालय सहित विकासे मन्त्रालयमा अल्टिमेटम सहितको ज्ञापन पत्र बुझाएको थियो ।

आन्दोलनको पूर्व निर्धारित कार्यक्रम अनुसार महासंघले साउन १० देखि १३ सम्म विभिन्न राजनीतिक दलका नेताहरू तथा सम्बन्धित संघीय सरकारी निकायहरूमा आफ्ना मागहरू बारे जानकारी गराउने भएको छ ।

त्यस्तै पदेश महासंघले सम्बन्धित प्रदेशस्तरीय राजनीतिक दल तथा प्रदेश स्तरीय सरकारी निकायहरू र जिल्ला संघहरूले सम्बन्धित जिल्लाका राजनीतिक दल तथा जिल्ला स्तरीय सरकारी कार्यालयहरूमा आफ्ना मागका बारेमा जानकारी गराउनेछ ।



# पूर्व फुटबलर बार्ट विलियम्सको ४९ वर्षको उमेरमा निधन

काठमाडौँ । इङ्लिस फुटबल क्लब सेफिल्ड वेड्नसडेका र नटिङ्गम फरेष्टका पूर्व खेलाडी क्रिस बार्ट विलियम्सको निधन भएको छ । बार्ट विलियम्सको ४९ वर्षको उमेरमा अमेरिकामा निधन भएको उनको पूर्व क्लब सेफिल्ड वेड्नसडेले जनाएको छ ।

पछिल्लो समय उनी अमेरिकामा प्रशिक्षकको भूमिकामा सक्रिय थिए । ‘ क्लबका पूर्व खेलाडी क्रिस बार्ट विलियम्सको निधनबाट हामी स्तब्धस् भएका छौं,’ सेफिल्ड वेड्नसडेद्वारा मंगलबार जारी विज्ञप्तिमा भनिएको छ ।



बार्ट विलियम्सले आफ्नो खेलजीवनको सुरुआत लेटन ओरियन्टबाट गरेका थिए । त्यसपछि सन् १९९१ मा उनी सेफिल्ड वेड्नसडेमा आबद्ध भएका थिए । सन् १९९५ सम्म उक्त क्लबमा रहँदा बार्ट विलियम्सले एक सय खेल खेलेका थिए ।

उनी सन् १९९५ मा नटिङ्गम फरेष्टमा आबद्ध भएका थिए । सन् २००२ सम्म उक्त क्लबमा रहँदा उनले दुई सयभन्दा बढी खेल खेलेका थिए । बार्ट विलियम्सको निधनको समाचार सार्वजनिक भएपछि विभिन्न क्लबका पदाधिकारी, खेलाडी, प्रशिक्षक र समर्थकहरूले उनीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनको निधनको कारण भने खुलाइएको छैन ।

# रामेछाप डायरी

## डिभिजन वन कार्यालय रामेछापले जिल्लाका उत्कृष्ट सामुदायिक र कबुलियत वनलाई पुरस्कृत

डिभिजन वन कार्यालय रामेछापले जिल्लाका उत्कृष्ट सामुदायिक र कबुलियत वनलाई पुरस्कृत गरेको छ । कार्यालयले आर्थिक वर्ष ०७९/८० मा अनुगम र मुल्यांकनको आधारमा एउटा सामुदायिक र एउटा कबुलियत वनलाइ उत्कृष्ट छनोट गर्दै पुरस्कृत गरेको हो ।




मन्थली नगरपालिका १ मा रहेको सानीमदौ सामुदायिक वन र रामेछाप नगरपालिका ७ मा रहेको शाखा भित्ता (क) कबुलियत वन समुह उत्कृष्ट भएका हुन । मंगलबार(आज) डिभिजन वन कार्यालय रामेछापले एक कार्यक्रमको आयोजना गरी दुईवटै वन समुहका पदाधिकारीलाई नगद सहित सम्मान पत्र प्रदान गरेको हो ।

सानीमदौ सामुदायिक वन समुहलाई नगद ३९ हजार ५ सय र शाखा भित्ता (क) कबुलियत वन समुहलाई नगद ९ हजार ५ सय सहित सम्मान पत्र प्रदान गरिएको हो । वन संरक्षण, संवर्द्धन, सामाजिक विकास, समुदायको विकास, वनको सुशासन लगायतलाई मूल्याङ्कन गरी उत्कृष्ट वन समूह छनोट गरिएको डिभिजन वन कार्यालय रामेछापका प्रमुख ओमसागर भण्डारीले बताउनुभयो ।

उक्त कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल रामेछाप महासंघका अध्यक्ष ज्ञान बहादुर खडका र कबुलियत वन समुह रामेछापका अध्यक्ष रमेश हायुले वन र वातावरण संरक्षणमा सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभयो । रामेछाप जिल्लामा ४ सय २६ सामुदायिक वन र २ सय ५१ कबुलियत वन रहेका छन ।

## जिल्ला अस्पताल रामेछापले ल्यायो शव वाहन

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले जिल्ला अस्पताल रामेछापलाई शव वाहन उपलब्ध गराएको छ । बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तरगतको आपूर्ति विभागले जिल्ला अस्पताललाई एक थान शव वाहन उपलब्ध गराएको हो । बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री उत्तम जोशीले आइतबार जिल्ला अस्पताल विकास समितिका अध्यक्ष यम पाख्रिनलाई शव वाहन हस्तान्तरण गर्नुभयो ।

जिल्ला अस्पताल रामेछापको आफ्नै शव वाहन नहुँदा विभिन्न कारणले ज्यान गुमाएका मानिसको शव गन्तव्य सम्म पुर्‍याउन र जिल्लाको विभिन्न ठाउँबाट शवको पोस्ट मार्टम गर्न अस्पताल सम्म ल्याउनको लागि समस्या भएपछि प्रदेश सरकारसँग आफू अध्यक्ष भएदेखि माग गरिएको शव वाहन प्राप्त भएको अस्पताल विकास समितिका अध्यक्ष पाख्रिनले जानकारी दिनुभयो ।



‘यो अस्पतालमा शव वाहन नहुँदा धेरै समस्या भोग्नु परेको थियो, म अध्यक्ष भएदेखि नै त्यो समस्या समाधानको लागि नियमित रूपमा सरकारसँग माग गरीरँहे’, अध्यक्ष पाख्रिनले भन्नुभयो , ‘डेढ वर्ष पछि आज पुरा भएको छ ।’

सुविधा सम्पन्न जिल्ला अस्पतालमा एउटा शव वाहन नहुँदा धेरै समस्याहरू भोग्नु परेको कुरा स्मरण गर्दै अध्यक्ष पाख्रिनले अब त्यो समस्या सधैंका लागि अन्त्य भएको बताउनुभयो ।

प्रदेश सरकारबाट प्राप्त शव वाहनलाई संचानलको लागि अब जिल्लाका सबै स्थानीय तहहरूसँग समन्वय गरेर अगाडि बढ्ने उहाँले प्रतिक्रिया दिनुभयो ।

जिल्ला अस्पताल रामेछापमा हाल हर्नियाँ, हाइड्रोशील र प्रसूति शल्यक्रिया, अक्सिजन सहितको स्वास्थ्य सेवा, दन्त सेवा, आँखाको सेवा, डाइलसिस सेवा, जनरल ओपिडी सेवा लगायत अन्य सेवाहरू संचालनमा छन् ।

डेढ वर्ष अघि अस्पताल विकास समितिको अध्यक्ष बन्नुभएका पाख्रिनले जिल्ला अस्पताललाई सुविधा सम्पन्न अस्पतालको रूपमा विकास गर्दै हाल नागरिकमैत्री अस्पतालको रूपमा विकास गरिरहनु भएको छ ।

# ज्योति विकास बैंक लिमिटेडको १५ औं वार्षिकोत्सवमा रक्तदान

काठमाडौ । ज्योति विकास बैंकले श्रावण ९ गते मंगलबारको दिन स्थापनाको १५ औं वार्षिकात्सव कमल पोखरीस्थित केन्द्रीय कार्यालयमा कार्यक्रम आयोजना गरी मनाएको छ । बैंकका अध्यक्ष हरि चन्द्र खड्काको सभापतित्व रहेको कार्यक्रममा बैंकको सञ्चालक समितिका सदस्यहरु, भुतपूर्व सञ्चालकहरु, कर्मचारी र ग्राहकहरुको उपस्थिति रहेको थियो ।




बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले स्वागत मन्तव्यका साथ कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । बैंकले वार्षिकोत्सवको दिन नख्खुस्थित आफ्नो १२१ औं शाखाको पनि औपचारिक उदघाटन गरेको छ । अध्यक्ष हरि चन्द्र खड्काले डिजिटल प्रविधिमार्फत ताम्रपत्र अनावरण गरी शाखाको समुद्घाटन गर्नुभएको हो ।

सोही क्रममा उपस्थित सबैलाई नख्खु शाखाको डिजिटल माध्यमबाट भर्चुअल टुर गराइएको थियो । नख्खु शाखा उद्घाटन पश्चात् उपत्यका र उपत्यकाबाहिर गरी ज्योतिविकास बैंकको १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम पुगेको छ ।

कार्यक्रममा बैंकमा १० वर्ष तथा १५ वर्ष देखि अनवरत रूपमा कार्यरत रहि योगदान दिएका कर्मचारीहरुलाई पनि सम्मानित गरिएको छ । अध्यक्ष हरि चन्द्र खड्का तथा प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले संयुक्त रुपमा कर्मचीहरुलाई पदक तथा कदर-पत्र प्रदान गर्नुभएको हो ।

१५औं वार्षिकोत्सवको अवसरमा बैंकले ग्राहकवर्गहरुको आवश्यकतालाई मध्यन जरमा राखी १५ रुपैंयामा अतुलनीय विशेषता सहितको “Super Smart Savings Account” सार्वजनिक गरेको छ । साथै यहि अवसरमा साउन १४ सम्म ज्योति विकास बैंकको खाता इसेवामा लिंक गर्ने सम्पूर्ण ग्राहकहरुलाई रु.१५० बोनस तथाखल्तीब्उउ संग पहिलो पटक ज्योति विकास बैंकको खाता लिंक गर्ने ग्राहकलाई रु. १०० बोनस प्राप्त हुने व्यवस्था मिलाएको छ ।

१५औं वार्षिकोत्सवको अवसरमा बैंकले विभिन्न सामाजिक उत्तरदायित्वको कार्यक्रमहरु समेत आयोजना गरेको छ । रक्तदान, वातावरण सरसफाई सम्बन्धि कार्यक्रम, वृक्षारोपण जस्ता विभिन्न कार्यक्रमहरु आयोजना गरिएको छ । साथै, बैंकले वार्षिकोत्सवको अवसरमा ग्राहकवर्ग र कर्मचारीहरुका लागि निःशुल्क मेहेन्दी कार्यक्रम पनि आयोजना गरेको छ ।

कार्यक्रममा अध्यक्ष हरि चन्द्र खड्काले मन्तव्य प्रस्तुत गर्दै बैंकको १५ वर्षको गौरवपूर्ण यात्रालाई सफल र फराकिलो बनाउन योगदान दिनुहुने समस्त ग्राहकवर्ग, शेयरधनीहरू, नियामक निकायहरू, कर्मचारीहरू लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति अत्यन्त अनुगृहीत रहँदै हार्दिक कृतज्ञता ज्ञापन गर्दै अबको यात्रामा पनि सोहि अनुरुपको सहयोग प्रदान गर्न आह्वान गर्नुभयो ।

अध्यक्ष खड्काले आगामी दिनहरुमा पनि अझ गुणस्तरीय बैंकिङ्ग सेवादिँदै थपउत्कृष्ट सुविधाहरु प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले बैंक स्थापनाको परिकल्पना गने संस्थापक सञ्चालकहरु, पूर्व अध्यक्षहरु, कर्मचारी, शेयरधनी र ग्राहकवर्गहरुलाई आभार व्यक्त गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले बैंकका विभिन्न कार्यक्रम उपलब्धि र संस्थागत सामाजिक उत्तरदायित्वम ाप्रकाश पार्दै बैंकले बोकेको उद्देश्य र ध्येय प्राप्तिमा थप सशक्त हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, कार्यक्रममा बैंकका संस्थापक अध्यक्ष तथा शेयरधनीश्री ध्रुव कुमार उप्रेती र संस्थापक शेयरधनी तथा भुतपूर्व अध्यक्ष प्रचारमान सिंह प्रधानले बैंकको १५ औं वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिका रुपमा आएका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुनले बैंकले केन्द्रको न्यानो नानी परियोजनामा गरेको सहयोग प्रति कृतज्ञता व्यक्त गर्नुभयो र आगामी दिनमा पनि यस्तै उदाहरणीय कार्यलाई निरन्तरता दिन अनुरोध गर्नुभएको थियो ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाज प्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहक वर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हकहितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ भनि बैकले उल्लेख गरेको छ । सोही अवसरमा ज्योति बैंकको केन्द्रीय कार्यलय कमल पोखरीमा रक्तदान कार्यक्रम पनि गरिएको थियो ।

## प्रभु बैंक लिमिटेड र पिज फाइर रेष्टुरेन्ट बिच सम्झौत

काठमाडौ । मिती २०८० श्रावण ०८ गतेका दिन प्रभु बैंक लिमिटेड र न्यू प्लाजा, पुतली सडकस्थित पिज फाइर रेष्टुरेन्टका बिच विभिन्न सेवा हरुमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।




बैंकका तर्फबाट वरिष्ठ बजार व्यवस्थापक शेखर राजवस्ताकोटी र पिज फाइर रेष्टुरेन्टका तर्फबाट कार्यकारी निर्देशक तथा प्रोप्राइटर महेश खत्रीद्धारा उक्त सम्झौतामा हस्ताक्षर भएको छ । प्रभु बैंक र उक्तरेष्टुरेन्ट बिच सम्पन्न सम्झौता अनुसार प्रभु बैंकमा खाता खोली बैंकिङ्ग कारोबार गरिरहेका सम्पूर्ण ग्राहकहरु तथा बैंकका सम्पूर्ण कर्मचारीहरुले पिज फाइर रेष्टुरेन्टद्धारा प्रदान गरिने “फुड” र “वेभरेज” सेवामा १० प्रतिशत छुट प्राप्त हुने भएको छ ।

उक्त सम्झौता अन्तर्गत पिज फाइर रेष्टुरेन्टमा सुविधा लिन चाहने प्रभु बैंकका ग्राहकहरुले प्रभु बैंकको क्यु.आर.कोड डेबिट कार्ड,क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग च्यानलहरु प्रयोग गरी भुक्तानी गर्दा, पिज फाइर रेष्टुरेन्टमा विशेष ग्राह्यता प्रदान गरिने समझौतामा उल्लेख छ ।

## अपाङ्गता संरक्षण नेपालको सदस्यलाई प्रभु क्यापिटलको सेयर तालिम

काठमाडौं । प्रभु क्यापिटल लिमिटेडले बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि राष्ट्रिय सहकारी तथा व्यवस्थापन प्रशिक्षण केन्द्रको सहकार्यमा शेयर बजार सचेतना एवं वित्तिय साक्षरता कार्यक्रम संचालन गरेको छ ।

अपांगता संरक्षण नेपाल (म्ष्कबदभिम ऋबचभ ल्भउबा)अन्तर्गत रहेका सदस्यहरुमध्ये २० भन्दा बढीको सहभागिता भएको कार्यक्रम मुख्य तया पुँजीबजारमा सुरुआती प्रवेश तथा लगानीको महत्वमा केन्द्रित थियो ।

कार्यक्रमको तालिम सञ्चालन प्रभु क्यापिटल लिमिटेडको मार्केटिंगएसोसिएट विनय अधिकारीले गरेका थिए । कार्यक्रम पुँजी बजारमा सुरुआती प्रवेश के-कसरी गर्ने ? मेरो सेयर के-कसरी चलाउने ? सेयर बजार सम्बन्धी सूचनाको स्रोतहरु आदि विषयमा सामूहिक रुपमा अन्तरक्रिया गरी कार्यक्रम संचालन गरिएको हो । बाँकी ६ पष्ठमा

## नबिल इन्भेष्टमेण्ट र तेह्रथुम पावर बीच सम्झौता

काठमाण्डौं । नबिल इन्भेष्टमेण्ट बैंक लिमिटेड र तेह्रथुम पावर कम्पनी लिमिटेडबीच कम्पनीको संचालक समितिको निर्णयानुसार आफ्ना शेयर धनीहरुलाई १:१ को अनुपातमा निकट भविष्यमा जारी गर्न लागिएको हकप्रद निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नबिल इन्भेष्टमेन्ट बैंक लिमिटेडलाई नियुक्त गरेको छ । सम्झौतापत्रमा तेह्रथुम पावर कम्पनी लिमिटेडको तर्फबाट प्रबन्ध निर्देशक मोहन कुमार डाँगी र नबिल इन्भेष्टमेन्ट बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनिष नारायण जोशी बीच हस्ताक्षर सम्पन्न भएको छ ।

तेह्रथुम पावर कम्पनी लिमिटेड कम्पनी ऐन २०६३ अन्तर्गत बि.सं. २०६६ स्थापना भई बि.सं २०७५ असारमा प्राईभेट कम्पनीबाट पब्लिक लिमिटेड कम्पनी भएको हो । ७.५ मेगावाट विद्युत उत्पादन क्षमताको यस कम्पनीको विद्युत खरिद सम्बन्धि सम्झौता २०७३ साल कार्तिक महिनामा नेपाल विद्युत प्राधिकरणसंग भएको थियो ।

उक्त सम्झौतामा नबिल इन्भेष्टमेन्टले तेह्रथुम पावर कम्पनी लिमिटेड सर्वसाधारणमा हकप्रथ शेयर निष्काशनका लागि आवश्यक पूर्वतयारी मा रहेको जनाएको छ । पूर्वतयारी सम्पन्न भएपछि नियामक निकायहरुबाट हकप्रद शेयर निष्काशनका लागि अनुमति माग गरिने विज्ञप्तीमा उल्लेख छ ।



# अर्थ संसार

## सानिमा बैंकले ग्राहकहरुका लागि सानिमा 5 in 1 सेवा सार्वजनिक

सानिमा छ ष्ल ज्ञ सेवा सानिमा 3 in 1 खाताको परिष्कृत गरिएको खाताको नयाँ स्वरुप हो । यस सेवामा बचत खाता, डिम्याट खाता, सेयर ट्रेडिङ खाता, सि आस्वा र मेरो शेयरको संयोजन रहेको छ । सानिमा बैंकले सानिमा क्यापिटलसँगको सहकार्यमा यो सेवा प्रदान गरेको हो । यस सेवाले बैंकको वेवसाइटमा उपलब्ध अनलाइन प्लेटफर्म मार्फत डिम्याट खाता, सेयर ट्रेडिङ खाता, सि आस्वा, मेरो शेयर र दोस्रो बजारबाट शेयर खरिद तथा बिक्री गर्न बैंकका नयाँ तथा पुराना ग्राहकहरूलाई सहज बनाउँछ ।

सानिमा बैंकले ग्राहकहरूलाई सहज र सरल रुपमा डिजिटल शेयर ट्रेडिंग प्लेटफर्म उपलब्ध गराउने उद्देश्यले यो पहल गरेको हो ।

सानिमा बैंकको सातै प्रदेशमा १३२ वटा कार्यालयहरु र १२२ वटा एटिएम संजालहरु रहेका छन् ।

## एन आई सी एशिया बैंकद्वारा स्मार्ट अडियो अलर्ट डिभाइस सार्वजनिक

‘डिजिटल फष्ट बैंक’ बन्ने दीर्घकालीन लक्ष्यसहित डिजिटल बैंकिङ्गको प्रवर्द्धन गरिरहेको यस एन आई सी एशिया बैंकले QR कोडमार्फत भएको भुक्तानीको जानकारी आवाजबाटै तत्काल प्राप्त हुने विशेषता भएको स्मार्ट अडियो अलर्ट डिभाइस सार्वजनिक गरेको छ । यस बैंकको QR कोड भुक्तानी प्रणालीमा आबद्ध हुनुभएका मर्चेन्टहरूले आफ्ना सेवाग्राहीबाट उक्त प्रणालीमा भुक्तानी लिँदा एसएमएस वा ईमेल अलर्टको अतिरिक्त अब यो डिभाइसमार्फत आवाजबाटै भुक्तानी प्राप्त भएको पुष्टि गर्न सक्नुहुनेछ । समयअनुरुप परिष्कृत सेवा तथा सुविधाहरूका साथ लाखौं ग्राहक महानुभावहरूमाझ आधुनिक बैंकिङ्गको अभ्यास गरिरहेको यस बैंकले डिजिटल बैंकिङ्गलाई थप सहज, सरल र सुरक्षित बनाउने उद्देश्यका साथ यो डिभाइसको सुरुवात गरेको हो ।




बैंकले ल्याएको यस नवीन प्रविधिमा आधारित स्मार्ट अडियो अलर्ट डिभाइसमा रहेको QR कोडमार्फत कारोबार गरेपछि मर्चेन्ट तथा ग्राहक महानुभावहरूले भुक्तानी सफलतापूर्वक भएको सूचना तत्काल प्राप्त गर्न सक्नुहुनेछ । बैंकले नेपाल क्लियरिङ हाउस लिमिटेडसँगको सहकार्यमा ल्याएको यस डिभाइसमा नेपाल पे QR बाट भुक्तानी गर्दा मौखिक जानकारी प्राप्त हुनेछ भने निकट भविष्यमा अन्य भुक्तानी नेटवर्कबाट भुक्तानी गर्दा समेत यस्तै सूचना दिने व्यवस्थाको तयारी गरिरहेको छ । QR कोडमा आधारित भुक्तानीको तत्काल प्रमाणीकरण गरेर हजारौं मर्चेन्टहरू तथा लाखौं ग्राहक महानुभावहरू बीच डिजिटल भुक्तानीमा विश्वसनीयता कायम गर्न मद्दत गर्ने मात्र नभई समग्र डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न यो डिभाइस क्रान्तिकारी सावित हुने विश्वास बैंकले लिएको छ ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ५४६ एटिएम, १११ वटा विस्तारित काउन्टर एवं ६५ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू। २३ अर्ब ५८ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू।३ अर्ब ६६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०५ भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२५ शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# मधेस प्रदेशलाई सुक्खा क्षेत्र घोषणा गर्न एमालेको माग

जनकपुर । लामो समयदेखि वर्षा नहुँदा खडेरी परेपछि नेकपा एमालेले मधेस प्रदेशलाई सुक्खा क्षेत्र घोषणा गर्न माग गरेको छ ।

एमाले मधेस प्रदेशका प्रमुख सचेतक लखन दासले वर्षा नहुँदा खेतीपातिमा आश्रित किसान मागमा परेको भन्दै प्रदेशलाई सुक्खा क्षेत्र घोषणा गरी किसानलाई राहत तथा क्षतिपूर्ति दिन प्रदेश सरकारसँग माग गरेका छन् । आइतबार मुख्यमन्त्री सरोजकुमार यादवलाई पाँचबुँदे ज्ञापनपत्र बुझाउँदै प्रमुख सचेतक दासले मौसमी वर्षा नहुँदा धान रोपाइँ नभई अधिकांश खेत बाँझो हुन पुगेको र केही रोपिएको धान पनि सुक्न थालेकाले किसान थप मर्कामा परेको बताए ।



उनले मौसमअनुसारको वर्षा नहुँदा पशुहरूमा लम्पी स्किन रोगसमेत लागेको बताए । मधेस प्रदेशलाई तत्काल सुक्खा क्षेत्र घोषणा गरी पीडित किसानलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, हाल महामारीको रूपमा फैलिएको लम्पी स्किन रोग निदान तथा नियन्त्रणका लागि प्राविधिकहरू परिचालन गरी भ्याक्सिनको व्यवस्था गर्नुपर्ने साथै लम्पी स्किनका कारण वस्तुभाउहरू गुमाएका किसानलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग ज्ञापनपत्रमा उल्लेख छ ।

त्यसैगरी, मधेस प्रदेश सरकारले प्रदेशभरिका किसानका लागि उन्नत बिउविजन, सिँचाइ तथा मलखाद सरल र सहज उपलब्धताको सुनिश्चित गर्नुपर्ने, कृषि विद्युतीकरणसँग आबद्ध किसानका लागि २४ सै घन्टा विद्युत् आपूर्तिको व्यवस्था हुनुपर्ने र र ाहतस्वरूप यस वर्षको विद्युत् महसुल प्रदेश सरकारले तिरिदिन ुपर्ने माग एमालेको छ ।

# डा. केसीले फेरि दिए अल्टिमेटम



काठमाडौँ – प्राध्यापक डा. गोविन्द केसीले चिकित्सा शिक्षा ऐनविपरीत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले गरेको निर्णय सच्याउन सोमबार अल्टिमेटम दिएका छन् ।

सीटीईभीटीको सिट निर्धारण र विद्यार्थी भर्नासम्बन्धी अवैध निर्णय खारेज गर्न, दोषी पदाधिकारीलाई बर्खास्त गर्न तथा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष नियुक्तिका लागि एक हप्ताभित्र सिफारिस समिति बनाउन र हालका उपाध्यक्षको पदावधि सकिनुअगावै छनोटको प्रक्रिया टुंग्याएर आयोग एक दिन पनि नेतृत्वविहीन नहुने गरी नियुक्ति गर्न सरकारलाई उनले अल्टिमेटम दिएका हुन् । सीटीईभीटीले आयोगको सहमतिबिनै सम्बन्धन बाँडेर, सिट निर्धारण र भर्ना प्रक्रिया अघि बढाएपछि दुई निकायबीच द्वन्द्व सुरु भएको छ । आयोग उपाध्यक्ष श्रीकृष्ण गिरीको ४ वर्षे कार्यकाल भदौमा सकिँदैछ । पत्रकार सम्मेलन गरेर उनले आफ्ना मागहरू अघि सारेका हुन् । आफ्ना मागहरू पूरा नभए साउन २९ गतेदेखि सत्याग्रह सुरु गर्ने डा. केसीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

शुल्क बढाउने सम्बन्धी सीटीईभीटीको निर्णय पनि खारेज गर्न उनले माग राखेका छन् । सीटीईभीटीले एचए, फार्मेसी र नर्सिङको शिक्षण शुल्क वृद्धि गरेको थियो । चौतर्फी विरोधपछि शुल्क वृद्धिको निर्णय स्थगित गरेको छ । सबै प्रदेशमा सरकारी मेडिकल कलेज वा प्रतिष्ठान पुऱ्याउने तथा सञ्चालनमा ल्याउने,एकिकृत स्वास्थ्य शिक्षा (विज्ञान) प्रतिष्ठान र पदाधिकारी नियुक्तिको मापदण्डसम्बन्धी कानुन बनाउने, चिकित्सा शिक्षालाई नाफारहित बनाउने र स्वार्थको द्वन्द्व रोक्न काननुनी व्यवस्था गर्ने, सरकारी अस्पतालहरुमा विद्यमान शैय्याअनुरुप स्थायी दरबन्दीको व्यवस्था गर्ने, सरकारी स्वास्थ्य संस्थाहरुबाट निशुल्क औषधि तथा उपचार प्रदान गर्नुपर्ने कानुनी प्रावधान कडाइका साथ लागु गर्ने लगायतका माग पूरा गर्न डा. केसीले सरकारलाई पुनः सस्मरण गराएका छन् ।

२०७९ असोज ८ गते तथा विगतमा भएका सम्झौताहरू कार्यान्वयन गर्न उनले ताकेता गरेका छन् । 'पछिल्लो दशक हामीले बारम्बार गरेको सत्याग्रहलगायतको आन्दोलनका कारण विभिन्न सुधारहरु भएका छन् तर राज्यले धेरै महत्त्वपूर्ण सम्झौताहरू कार्यान्वयन गरेको छैन । बरु उल्टै अघि बढेका सुधारका काम मेडिकल माफियाको स्वार्थमा उल्ट्याउने काम गरिरहेको छ,' उनले भने, 'पछिल्लो समय चिकित्सा क्षेत्रको मुख्य नियामक निकाय चिकित्सा शिक्षा आयोगलाई निस्तेज पार्ने र चिकित्सा शिक्षा ऐनका प्रावधानहरु उल्ट्याउने संगठित प्रयास भइरहेको छ । आयोगका सह-अध्यक्ष रहेका शिक्षामन्त्री समेत पदीय जिम्मेवारीबाट च्युत भएर माफियाहरुको त्यस्तो प्रयासमा साथ दिइरहेको आशंका उत्पन्न भएको छ । स्वास्थ्य शिक्षाका विभिन्न विषयहरुमा सीटीईभीटीमा भर्ती भएका पार्टी कार्यकर्ता तथा माफियाहरुले अवैध रुपमा अघि बढाएको सिट निर्धारण र भर्ना प्रक्रिया रोक्न शिक्षा मन्त्रीले केही नगर्नु तथा उनीहरुलाई दण्डित गर्नुको सट्टा संरक्षण गर्नुले त्यस्तो आशंका जन्माएको हो ।'

# घोराही सिमेन्टको शेयर रजिष्ट्रारमा हिमालयन क्यापिटल नियुक्त

काठमाडौँ । घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले शेयर रजिष्ट्रारमा हिमालयन क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ। कम्पनीको आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकको जिम्मेवारी पुरा गरेको क्यापिटलले आगामी दिनमा कम्पनीको शेयर व्यवस्थापन सम्बन्धी सम्पूर्ण काम गर्ने जिम्मेवारी समेत पाएको हो ।

कम्पनीले सूचना जारी गर्दै सञ्चालक समितिको निर्णय बमोजिम शेयर कारोबार सम्बन्धी अभिलेख राख्ने, दाखिल खारेज गर्ने, नामसारी गर्ने र शेयरधनी लगत अद्यावधिक राख्ने लगाएतका सम्पूर्ण कार्य गर्नका लागि क्यापिटललाई जिम्मेवारी दिईएको बताएको हो ।

हिमालयन क्यापिटल लिमिटेड.
Himalayan Capital
A Wholly Owned Subsidiary of Himalayan Bank Limited

कम्पनीले सर्वसाधारणमा आईपीओ जारी गरी असार ३१ गते बाँडफाँट गरेको थियो । धितो पत्र दोस्रो बजारमा भने कम्पनीको आईपीओ सूचीकृत हुन बाँकी रहेको छ । शेयर रजिष्ट्रारको समन्वयमा कम्पनीले छिटैनै दोस्रो बजारमा शेयर सूचीकृत गराउने जानकारी कम्पनीले दिएको छ ।

कम्पनीले प्रिमियम मूल्य सहित सर्वसाधारणमा प्रतिकित्ता ४३५ रूपैयाँ र आयोजना प्रभावित स्थानीयमा प्रतिकित्ता ४०० रूपैयाँमा आईपीओ विक्री गरेको हो । सर्वसाधारणमा ६९ लाख ११ हजार ६७० कित्ता आईपीओ बाँडफाँट गरेको कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीमा ६ लाख ६ हजार ३५० कित्ता, सामूहिक लगानीकोषमा ३ लाख २८ हजार ९६१ कित्ता, कर्मचारीहरूमा १९ हजार ५३० कित्ता र उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरूमा ७७ हजार २९० कित्ता आईपीओ बाँडफाँट गरेको हो ।

कम्पनीले कुल ७९ लाख ४३ हजार ८०१ कित्ता आईपीओ विक्री गर्न नियामक निकाय नेपाल धितो पत्र बोर्डबाट अनुमति पाएको थियो । कम्पनीमा संस्थापक तर्फ भने ३ अर्ब १७ करोड ७५ लाख २० हजार ५०० रकम चुक्ता भएको छ । संस्थापक तर्फको समेत कुल ३ अर्ब ९७ करोड १९ लाख ६०० बराबरको ३ करोड ९७ लाख १९ हजार ६ कित्ता शेयर दोस्रो बजारमा सूचीकृत हुनेछ ।

# कुमारी बैंकको ४ हजार कित्ता बढी संस्थापक शेयर सर्वसाधारणमा जारी

कुमारी बैंकले ४ हजार ७१८ कित्ता संस्थापक शेयर सर्वसाधारण लगानीकर्ताका लागि विक्री खुला गरेको छ । यसअघि विद्यमान संस्थापक शेयरधनीहरूका लागि मात्र विक्री खुला गर्दा आवेदन प्राप्त नभएपछि उक्त शेयर सर्वसाधारणमा विक्री गर्न लागिएको हो ।

बैंकले डिल बहादुर बंशी मगरको नाममा रहेको उक्त शेयर विक्री गर्न लागेको हो । यो शेयरको मूल्य विक्रेताले तोकेबमोजिम हुने उल्लेख गर्दै कम्पनीले मूल्य भने खुलाएको छैन ।

इच्छुक खरीदकर्ताहरूले आगामी ३५ दिनभित्र शेयर खरीदका लागि आवेदन पेस गर्नुपर्नेछ। कम्पनीको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड नक्साल, काठमाडौं वा बैंकको प्रधान कार्यालय टंगाल, काठमाडौंमा आवेदन पेस गर्न सकिने छ

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

## खेलकुद

# लिओनल मेसीले अमेरिकामा आफ्नो लय कायम राखे

काठमाडौं । लिओनल मेसीले अमेरिकामा आफ्नो लय कायम राख्दै लगातार दोस्रो खेलमा गोल गरेका छन् । मेसी र रोबर्ट टेललरे दुई-दुई गोल गरेपछि लिग कप साउथ ३ समूहमा इन्टर मियामीले बुधबार बिहान एटलान्टा युनाइटेडलाई ४-० ले हरायो ।

डीआरऐ पिएनके स्टेडियममा भएको खेलमा मेसीले खेलको आठौं मिनेटमै



गोल गर्दै इन्टर मियामीलाई अग्रता दिलाएका थिए । २२औं मिनेटमा रोबर्ट टेलरको पासमा मेसीले व्यक्तिगत दोस्रो गोल गरी अग्रता दोब्बर पारे । ४४औं मिनेटमा रोबर्ट टेरलले गोल गरेपछि पहिलो हाफमै इन्टर मियामीले ३-० को अग्तरा बनायो । ५३औं मिनेटमा मेसीकै पासमा रोबर्ट टेलरले व्यक्तिगत दोस्रो गोल गरे ।

८४औं मिनेटमा क्रिस्टोफर म्याकभेले रातो कार्ड पाएपछि इन्टर मियामी दश खेलाडीमा समेटिएको थियो । म्याकभेले विपक्षी खेलाडीलाई पेनाल्टी बक्समा लडाएपछि एटलान्टाले ८६औं मिनेटमा पेनाल्टी प्राप्त गरेपनि गोल गर्न सकेन । थियागो अलमाडाको पेनाल्टी प्रहार इन्टर मियामीका गोलकिपर ड्राक क्यालेन्डरले बचाए ।

यसअघि मेसीले डेब्यु खेलमै गोल गर्दा इन्टर मियामीले क्रुज अजुललाई २-१ ले पराजित गरेको थियो । लिग कपको साउथ तीन समूहमा लगातार दुई खेल जितेपछि इन्टर मियामी समूह विजेता बन्दै अन्तिम ३२ मा प्रवेश गरेको छ । जहाँ इन्टर मियामीले अब लिग कपको साउथ २ समूहको विजेतासँग खेल्नेछ ।

# महिला विश्वकप फुटबलमा अमेरिका र नेदरल्याण्ड्स १-१ को बराबरीमा खेल्दै

काठमाडौं । अष्ट्रेलिया र न्युजिल्याण्डमा भइरहेको फिफा महिला विश्वकपमा साविक विजेता अमेरिका र नेदरल्याण्ड्सले १-१ को बराबरी खेल्दै अंक बाँडेका छन् ।



न्युजिल्याण्डको वेलिङ्गटन स्टेडियममा बिहीबार भएको खेलमा अमेरिकाले एक गोलले पछि परेको अवस्थामा पुनरागमन गर्दै बराबरी गरेको हो । खेलको १७ औं मिनेटमै जिल रुर्डले गोल गर्दै डच टोलीलाई अग्रता दिलाएका थिए । तर त्यसलाई कायम राख्न सकेन ।

साविक विजेता अमेरिकाका लागि लिन्ड्से होरानले ६२औं मिनेटमा गोल गरे । बराबरीपछि समूह ईमा दुवैको समान ४ अंक छ । गोलअन्तरमा अमेरिका शीर्ष स्थानमा छ । दुवैले यसअघिका खेल जितेका थिए । यसअघि अमेरिकाले भियतनामलाई ३-० ले तथा नेदरल्याण्ड्सले पोर्चुगललाई १-० ले हराएको थियो ।

# महिला विश्वकप २०२३ : समूह चरणबाटै बाहिरियो ?

काठमाडौं। वेलिङटन सह-आयोजक रहेको न्युजिल्यान्ड महिला विश्वकप २०२३ को समूह चरणबाटै बाहिरिएको छ। आइतबार समूह 'ए' को खेलमा स्विजटरल्यान्डसँग गोलरहित बराबरी खेलेपछि न्युजिल्यान्ड समूह चरणबाटै बाहिरिएको हो ।



स्विट्जरल्यान्ड तीन खेलबाट पाँच अंकसहित शीर्षमा रह्यो । समूहको अर्को खेलमा नर्वेले फिलिपिन्सलाई ६-० ले हराएपछि ४ अंकसहित दोस्रो स्थानमा रहेको छ । न्युजिल्यान्डको पनि समान चार अंक भए पनि गोल अन्तरले पछाडि रहेकाले समूह चरणबाटै बाहिरिनुपरेको हो ।

बृद्धाबद्धाको देश

पृष्ठ १ बाट जारी

बञ्चित गराउने को को हुन् ? अझै त्यस्तै परिपाटीमा लागेर बराल्ने कुन कुन पार्टीछन् ? उत्पादनसँग जोड्न कहिल्यै नसिकाउने व्यवस्था ठिक भएन भनेर भ्रम सृजना गरी आफु सत्तामा पुग्नलाई युवाहरुलाई भऱ्याङ बनाउने र आफु सत्तामा पुगेपछि हिन्दुलाई पशुपतिमा बुद्धिष्टलाई श्वयम्भुमा नसेलाउदासम्म त्यही मानिसहरु मात्रैले गरेका काम ठिक र शक्तिशाली तिनैको ढोके नबनेसम्म प्रबृति कहिलेसम्म ? कागजमा अक्षर भरेर राजनीति खोलेर मान्छे बराल्ने कहिलेसम्म ? लेटरप्याड पार्टी, झुट बोलेर जनता ठग्ने पार्टी, भ्रष्टचार गरोस कि कमिशन खाएर कमाओस् कि लुटेर कमाएको होस् कि पैशा तिरेपछि पार्टीको केन्द्रीय सदस्य, संसदको टिकट, प्रदेशको टिकट, पालिकाको टिकक, वडाको टिकट बेच्ने पार्टीलाई देश र जनताको पार्टी भनेर झुट बोल्ने पार्टीहरुलाई देशले कहिलेसम्म पाल्ने ? १८ घण्टा कामगर्ने एउटा मजदुरको परिवार पाल्न र छोराछोरीलाई शिक्षा दिक्षा दिन सरकारी स्कुल कलेजमा धौ धौ छ । पार्टीका उपल्लो पदमा पुगेका अवसर पाएकाहरुको न कुनै रोजगार छ । न कुनै उद्योग चलाएका छन् । न ब्यापार छ । तिनको अश्वभाविक सम्मपति काहा बाट आयो ?

यसैको असर लाइन बसेर युवा बिदेश गइरहेका छन् । बृद्धाबृद्धा घर कुरेर बसेका छन् । नेपाल देश खाली गराउदै विदेशी योजनामा नेपाल र नेपालीको अस्तित्व समाप्त पार्न लागेका विदेशीका योजनामा फसेका राजनीतिक पार्टीहरुलाई समाजवाट बिदा गर्न जति ढिला हुन्छ त्यति नै नेपाल र नेपालीको भविष्य त्यतिनै खतरामा पर्दै गएको छ। आम नागरिकले विदेशमा भएका युवाहरुले सोच्ने वेला भएको छ ।

# कामना सेवा विकास बैंकको ५७ हजारभन्दा बढी कित्ता संस्थापक शेयर बिक्रीमा

काठमाडौं । कामना सेवा विकास बैंक लिमिटेडले ५७ हजार २५ कित्ता संस्थापक शेयर बिक्रीमा ल्याएको छ । कम्पनीले विद्यमान संस्थापक शेयर धनीहरूले मात्र खरीद गर्न पाउने गरी कम्पनीले उक्त शेयर बिक्रीमा ल्याएको हो ।

इच्छुक खरीदकर्ताहरूले आगामी ३५ दिनभित्र कम्पनीको केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाडौंमा आवेदन पेश गर्नुपर्नेछ । तोकिएको अवधिभित्र विद्यमान संस्थापक शेयरधनीहरूबाट आवेदन प्राप्त नभएमा अन्य व्यक्ति तथा संस्थाहरूमा यी शेयर विक्री गरिने जानकारी कम्पनीले दिएको छ ।

धितोपत्र दोस्रो बजारमा कम्पनीको संस्थापक शेयरमूल्य प्रतिकित्ता १५६ रूपैयाँ रहेको छ ।

# 'ऊ गरेर ऊ गरौं' सार्वजनिक

काठमाडौं । स्थानीय न्याय निरुपणको कथावस्तुमा काठमाडौं महानगरले निर्माण गरेको छोटो फिल्म 'ऊ गरेर ऊ गरौं' सार्वजनिक भएको छ। सोमबार बेलुका विश्वज्योति हलमा आयोजित समारोहमा महजोडीको शीर्ष भूमिका रहेको फिल्मको विशेष प्रदर्शन गरियो ।

फिल्ममा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको निर्देशन छ । स्थानीय तहमा परिवार र समाजसँग जोडिएका विवाद र तिनको समाधानबारेको यो फिल्मलाई मेट्रो न्यूजको युट्युवबाट सार्वजनिक गरिएको छ ।

समारोहमा बोल्दै काठमाडौं महानगरकी उपप्रमुख तथा न्यायिक समिति



संयोजक सुनिता डंगोलले स्थानीय न्यायिक निरुपणबारे जानकारी गराउन फिल्म बनाइएको बताइन् ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले न्यायिक समितिबाट समाधान भएका विवाद समाधानले अदालतमा चाप कम भएको बताए । उक्त अवसरमा कलाकार, प्राविधिक र न्यायिक सम्मेलन आयोजनाका लागि योगदान दिने व्यक्ति र संस्थालाई सम्मान प्रदान गरियो ।

मेलमिलाप हुनसक्ने व्यक्ति वादी भएर दायर भएको, अन्य देवानी, २५ लाख रुपैयाँसम्म विगो भएको घर बहाल तथा घर बहाल सुविधा, १ बर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद न्यायिक समितिबाट समाधान गरिन्छ । नाबालक छोराछोरी र पति पत्नीलाई इज्जत आदमअनुसार खान बस्न तथा शिक्षा दिक्षा नदिएको, पाका व्यक्तिलाई खान लाउन नदिएको जस्ता विवाद धेरै देखिन्छन् । यी विवाद समाधान गर्ने विधि मेलमिलाप र निर्णय प्रक्रिया हुन् ।

मन्त्री शर्मा

पृष्ठ १ बाट जारी

उत्पादनमा १ दशमलव ४ प्रतिशत योगदान गरेको जुन तथ्य प्राप्त भएको छ । यसबाट बिदेशी मुद्रा संचितिमा साढे पाँच प्रतिशत योगदान पुगेको छ'- उहाँले भन्नुभयो- 'नेपालका लागि यो निकै सुखद र महत्वपूर्ण जानकारी हो । सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरु सक्रिय रहेको जुन तथ्य सार्वजनिक भएको छ, नेपालको समग्र विकास र यसमा युवा सहभागिताको दृष्टिले पनि यो निकै महत्वपूर्ण प्रगति हो ।'

उहाँले सरकारले सूचना प्रविधिलाई राष्ट्रिय प्राथमिकतामा राखेर काम अघि बढाएको उल्लेख गर्दै यो क्षेत्रका विज्ञहरुको सुझाव लिएर सरकारले नयाँ कार्यक्रमको थालनी र पुराना कार्यक्रम परिमार्जन गर्दै अघि बढ्ने बताउनुभयो । 'आधुनिक जीवनको आधारः सूचना प्रविधि र सरकार' भन्ने मूल नाराका साथ नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै उहाँलेसरकारको कूल पूँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिएको बताउनुभयो ।

'नवप्रवर्तन र उद्यमशिलता विकास गर्न स्टार्टअप इको सिष्टम विकास गर्ने, उद्यमशील सोंचलाई व्यवसायमा रुपान्तरण गर्न इन्क्युवेशन सेन्टर सञ्चालन गर्ने, नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पूँजी वृद्धि निःशुल्क गर्ने, अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्ने, लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्ट तयार गर्ने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्ने लगायतका व्यवस्था यो वर्षदेखि सुरु गरिएको छ'- मन्त्री शर्माले भन्नुभयो ।

सूचना प्रविधिको उद्योगमा बैदेशिक लगानीको सीमा यसै वर्षदेखि हटाइएको जानकारी दिंदै मन्त्री शर्माले सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्ने उद्योगले गरेको बिदेशी मुद्रा आर्जनको दश प्रतिशतसम्म बिदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा भइसकेको बताउनुभयो ।

सरकारले चालु आर्थिक वर्षमा सूचना प्रविधिमा विजनेश प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ जस्ता सेवा निर्यात गरी बिदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई बिदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत छूट दिने व्यवस्था मिलाएको जानकारी दिंदै मन्त्री शर्माले भन्नुभयो- 'यसले देशभित्रै बसेर विभिन्न देशको काम गरी बिदेशी मुद्रा आर्जन गर्ने सूचना प्रविधि क्षेत्रका जनशक्तिलाई प्रोत्साहित गर्ने र डिजिटल अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान गर्ने सरकारको अपेक्षा रहेको छ ।'

विश्व बजारमा जुन क्षेत्रमा जनशक्ति माग भइरहेको छ, त्यसको अध्ययन गरी नेपालभित्रै सहज पठनपाठनका लागि पनि सरकारले पहल गर्ने उल्लेख गर्दै उहाँले सूचना प्रविधिमा स्नातक गरेका विद्यार्थीहरुलाई सेवा प्रवेशका लागि सहयोग पुग्ने गरी निश्चित अवधि तोकेर तालिम प्रशिक्षणको व्यवस्था गर्ने गरी पनि तयारी गरिरहेको बताउनुभयो ।

सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्तिको आकर्षण बढाउनका साथै उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि विषयमा स्नातकोत्तर, एम.फिल र विद्यावारिधि गर्ने विद्यार्थीलाई विश्वविद्यलय अनुदान आयोगको सहकार्यमा छात्रवृत्ति प्रदान गर्ने र सार्वजनिक सेवा क्षेत्रमा कार्यरत दक्ष जनशक्तिलाई प्रोत्साहन गर्ने कार्यक्रम यसै आर्थिक वर्षदेखि सुरु गरिएको पनि मन्त्री शर्माले जानकारी दिनुभयो ।

'सूचना प्रविधिको विकास र प्रयोगलाई राष्ट्रिय महत्वको क्षेत्रको रुपमा स्थापित गर्न हामीले केही नयाँ अवधारणा अघि सार्नुपर्छ भन्ने सोचिरहेका छौं'- उहाँले भन्नुभयो- 'सूचना प्रविधिको अध्ययन अनुसन्धानमा लागेका संस्था र व्यक्तिलाई आविष्कार र नवप्रवर्तनमा थप आकर्षित गर्ने गरी देशभरिबाट हजारौं प्रतिभाहरु सहभागी हुने गरी राष्ट्रियस्तरको प्रतिष्पर्धा गराउने डिजिटल च्याम्पियनजस्ता कार्यक्रम गर्ने तयारी पनि मन्त्रालयले अघि सारेको छ । हामीले यही वर्ष पहिलोपटक आइटी एक्जिविसन गरेर सूचना प्रविधिको क्षेत्रमा भइरहेका गतिबिधिलाई एउटै थलोबाट सार्वजनिक गर्ने तयारी पनि गरिरहेका छौं ।'

बुद्धि पलाएन

पृष्ठ २ बाट जारी

वर्तमानमा राजनीतिक व्यसायीहरुले विभिन्न समयमा प्रतिबद्धता जनाएका कुनै पनि कुरा उनीहरुले आफ्नो बाँकी जीवनकालमा पूरा गर्ने लक्षण देखाएका छैनन् । नेतृत्वले जति ढुक्क हुनुहोस्, ढुक्क हुनुहोस् भनेर फलाके पनि जनमतले ढुक्क हुने समय घर्किसकेको आभास पाइसकेको छ । तत्काल सरकारको आयु गणितीय हिसाबले जति वर्ष देखिए तापनि विभिन्न बेथिति र आँकलन गर्नै नसकिने गरी भइरहेको भ्रष्टाचारविरुद्ध सार्थक सम्बोधनका लागि इमानदारीपूर्वक सार्थकको 'स' मात्र पनि अगाडि सारिएको छैन । अहिले सतहीमा देखिएका ललितानिवास जग्गाकाण्ड, नक्कली भुटानी शरणार्थीकाण्ड र भर्खरै चर्चामा आएको सुनकाण्डलाई पनि जनताले नजिकबाट नियालिरहेका छन् । केही समयपछि यी विषयहरुको पनि पटाक्षेप हुने नै छ ।

***(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)***

प्रभु क्यापिटल

पृष्ठ ४ बाट जारी


शारीरिक तथा मानसिक कमी-कमजोरी भई अपांगता भएका"क"तथा"ख"वर्गका अपांगता भएका व्यक्तिहरुलाई धितोपत्र बजार प्रवेशमा प्रोत्साहन गर्नका लागि प्रभु क्यापिटल मार्फत डिम्याट तथा मेरो सेयर खोल्दा कुनै पनि शुल्क नलाग्ने तथा आजीवन सो सुविधा निःशुल्क पाउने व्यवस्था रहेको समेत उनले जानकारी दिए । प्रभु क्यापिटलले सेयर लगानीमा सचेतना अभिवृद्धिका लागि समय-समयमा सेयर तथा पुँजी बजारसँग सम्बन्धित तालिम कार्यक्रम, विविध वर्कसप तथा सचेतना कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

# अन्तराष्ट्रिय समाचार

## अस्ट्रेलियाको समुद्री तटमा ५१ वटा ह्वेल एकै पटक मृत अवस्थामा फेला

काठमाडौँ – अस्ट्रेलियाको दक्षिण तटीय क्षेत्रमा ५१ वटा ह्वेल एकै पटक मृत अवस्थामा फेला परेका छन् । मंगलबार बिहानैदेखि ९० वटाको समूहमा अल्बनी सहर निजकैको चेनिज बिचुमा ती ह्वेलहरू देखा परेका थिए ।

मंगलबार मध्याह्न ती ह्वेल समुद्री तटमा आइपुगेको अस्ट्रेलियन सञ्चारमाध्यमले उल्लेख गरेका छन् । पर्थका निकुञ्ज विभागका भेटनेरी चिकित्सकहरूले अहिले ती ह्वेल उद्धार गरिरहेका छन् । उद्धारमा समुद्री विज्ञ तथा स्यवंसेवकहरू पनि रातिदेखि नै खटिएका छन् ।



निकुञ्ज तथा वन्यजन्तु निकायले बुधबार बिहान ५१ वटा ह्वेल मृत अवस्था फेला पारिएको पुष्टी गरेको छ । ४६ वटा ह्वेल भने तटीय क्षेत्रमा तैरिएर बालुवामा पुगेका छन् । तीनलाई पुनः समुद्रमा पठाउनका लागि प्रयास भइरहेको छ ।

अस्ट्रेलियाको स्काई न्युजलाई बताउँदै मेरिन बायोलोजिस्ट भेनेसा पिरोटाले ती पाइलट ह्वेलहरू तटीय क्षेत्रमा कसरी आइपुगे भन्ने यकिन गर्न नसकिएको बताएकी छन् । यी ह्वेलहरू कहाँबाट यो तटीय क्षेत्रमा आइपुगे भन्नेबारे हामी अनविज्ञ छौं । यसरी ह्वेलहरू तटीय क्षेत्रमा आइपुग्नु खोजको विषय हो, उनले भनेकी छन् । उनले यस्तो अवस्था अहिलेसम्म आफूले कहिल्यै नदेखेको बताइन् । पाइलट ह्वेललाई समूहमा बस्ने सामाजिक प्राणीको रुपमा लिने गरिन्छन् ।

## थ्रेड्सका आधा प्रयोगकर्ता घटे

काठमाडौँ – नयाँ सामाजिक सञ्जालका रूपमा आएको थ्रेड्सले केही दिनमै आधा प्रयोगकर्ता गुमाएको छ । प्रविधि कम्पनी 'मेटा' का मालिक मार्क जुकरबर्गले नयाँ सामाजिक प्लाटफर्म 'थ्रेड्स' का आधाभन्दा बढी प्रयोगकर्ता गुमाएको बताएका हुन् ।




ट्विटरको प्रतिस्पर्धीका रूपमा आएको थ्रेड्समा ५ दिनमै १० करोड प्रयोगकर्ता जोडिएका थिए । तर जुकरबर्गले केही दिनमै प्रयोगकर्ता घटेको स्विकारेका हुन् । 'यदि तपाईंसँग १० करोडभन्दा बढी मानिस साइनअप छन्, त्यसको आधा पनि रोकिए पनि त्यसलाई आदर्श रूपमा राम्रै मानिन्छ । तर हामी त्यहाँ छैनौं ।'

सार्वजनिक भएसँगै 'लिमिटेड फिचर' भएको भन्दै थ्रेड्सको आलोचना भएको थियो । त्यसपछि मेटाले निरन्तर केही नै केही फिचर थप्दै लगेको छ । त्यस्तै पोस्टहरू पनि विभिन्न भाषामा अनुवाद हुने फिचर पनि यसमा थपिएको छ ।

कम्पनीका प्रमुख उत्पादन अधिकृत क्रिस कोक्सले कर्मचारीहरूलाई प्रयोगकर्तालाई फिर्ता ल्याउन 'रिटेन्सन-ड्राइभिङ हुक्स' थप्न निर्देशन दिएका छन् ।

## अमेरिकाले ताइवानलाई सैन्य सहायता गर्ने

वासिङ्टन – अमेरिकाले ताइवानलाई ३४ करोड ५० लाख डलरको सैन्य सहायता घोषणा गरेको छ। अमेरिकी राष्ट्रपति प्रशासनले शुक्रबार रक्षा सामग्री, सैन्य शिक्षा र प्रशिक्षण सहायता हुने जनाएको हो । यद्यपि, उसले दिने हतियार वा उपकरणको बारेमा विस्तृत जानकारी खुलाएको छैन ।

तर, अमेरिकी सञ्चारमाध्यमले ती उपकरणहरूमा वायु रक्षा प्रणाली, साना हतियार, युद्ध सामग्री हुने उल्लेख गरेका छन । अमेरिकाको उक्त घोषणाको चीनले विरोध गरेको छ । ताइवानलाई चीनले आफ्नो स्वशासित क्षेत्र दाबी गर्दै आएको छ ।

तर, ताइवानले भने आफूलाई स्वतन्त्र राज्य रहेको बताउने गरेको छ । चीनले आवश्यकता परेमा बलपूर्वक ताइवानलाई आफ्नो भूमिमा एकीकृत गर्ने चेतावनी दिएको छ । वासिङ्टनस्थित चिनियाँ दूतावासका प्रवक्ता लियु पेंग्युले एक विज्ञप्ति जारी गर्दै अमेरिकाले ताइवानलाई हतियार बेच्न बन्द गर्नुपर्ने उल्लेख गरेका छन ।

# विनोद कार्कीद्धारा रचना गरिएको गीत सार्वजनिक हुदै

काठमाडौ । जन अकाश साप्ताहिकमा कार्यरत विनोद कार्कीले गाउले परिवेशलाई झल्काउने आफ्नो विरह गीतमार्फत पोखेका छन् । रामेछापको चाकेमा जन्मेका कार्की विगत केही बर्ष अघि मात्र काठमाडौमा आएका हुन् । काठमाडौ आएपछि आफ्नो गाउँघरको सम्झनाले सताउन थालेपछि उनले आफ्नो विरह गीतमार्फत उजागर गरेका छन् । उनले रनचा गरेको गीतलाई जनआकाश मिडिया प्रा.लि.ले निर्माण गरिहरेको छ ।

रामेछापका डाडा, काडा, पाखा, पखेरा प्राकृतिक सुन्दरता रामेछापको विशेषताहरु गीतमा राम्रो बर्णन गरिएको छ । गीतलले रामेछाप घुम्न आएका मानिसलाई लोभ्याउने प्राकृतिक सुन्दरता रहेको गीतको बोलमा उल्लेख छ ।**गीतको बोल ए हो कति राम्रो रामेछापको सीन**
**कहिलेहोला तिमी र म सँगै हुने दिन ।**

गीत सुन्दा नै नाचु नाचु लाग्ने संगीतको मिठासले भरिएको छ । उक्त गीतलाई संगीत/संगीत संयोजनको मिठास संगीतकार रामकृष्ण थापाले गरेका छन् ।

त्यसैगरी मिठास संगीतमा लयबद्ध गर्दै गाउँवस्ती झझल्को आउने गरी स्वरमा उतारेका छन् । रामेछापकै गर्जाङका गायक शिव सागर खड्का र चर्चित गायिका शान्ति श्री परियारले ।

गायक र गायिकाको मिठो स्वरलाई वेभ स्टिुडियो अनामनगरले रेकडिङ गरी प्रविधिमैत्री बनाएको छ ।





त्यैगरी गीतमा रामेछापकै युवा मोडलहरु नबिन गौतम र बबिता पोखेलले मुख्य भुमिकामा अभिनय गरेका छन् । भिडियोको निर्देशन मोहन कार्कीले गरेका छन् । भिडियो सम्पादन प्रेम शर्मा पौडेलले गरिरहेका छन् । गीतको कोरियोग्रफ्रीः कृष्ण रसालले गरेका छन् । भिडियोमाः रामेश्वर जिरेलले साथ दिएका छन् । ड्रोन अपरेटरमाः कृष्ण ब्लोनले साथ दिएका छन् । रामेछापका केही पार्टहरुमा भिडियो खिच्न राजन महतरा क्षेत्रीले साथ दिएकमा छन् । संयुक्त नृत्यगरेर साथ दिने कलाकारहरु कल्पना कार्की, सविना गरबुजा, कृष्ण पुन, नरेस पुन, केशव पुन, विनिता भण्डारी, लक्ष्मण नेपाली कविर श्रेष्ठ, सविन गुरुङ, मनिका रहेका छन् ।

उक्त गीतलाई जनआकाश साप्ताहिकको १६ औ बार्षिकोत्सवको अवसर पारेर काठमाडौको नेपाल-प्रज्ञा प्रतिष्ठान कमलादी लेखनाथ सदनको हलमा विमोचन गर्ने कार्यक्रम रहेको छ । त्यसैदिन स्रष्टा र सृर्जना सम्मान अर्न्तगत २०८० हुदै छ । यसै बर्ष नेपाली नारीहरुको महत्वपुर्ण पर्व तीजलाई जनआकाश मिडियाले विशेष बनाउन यहि २०८० असार २० गतेवाट साउन ५ गतेसम्म तीज गीत छनौटको लागि रचना आवह्न गरेको थियो प्राप्त रचनामध्य उत्कृष्ट एकजनालाई सुसेली सम्मान गर्ने कार्यक्रम रहेको छ । सोही उत्कृष्ट सुसेली तीजलाई जनआकाश मिडियाले निर्माण गरेर तीज अगावै म्याुजिक भिडियोको रुपमा ल्याउने छ ।

# कोइली र कागहरू



**कृष्णहरि भट्ट**

समाधान होला भनेको
झन थपिएर आयो
निकास होला भनेको
भ्रमको गीत पो गायो

इच्छाहरू थिए
सपनाहरू थिए
योजनाहरू थिए
एक्लै पुरा हुन सक्दैन थियो
खोजेको साथमात्र थियो
तर अगतिलो पो पायो

संकट उही छन्
समाधानका उपायहरू थिए
बाटो बिराएपछि यात्रीहरूले
बगैंचामा पुग्नु पर्ने
तर टुकुचामा पो पुग्यो

छिर्के हाल्ने कति छन् कति
बाटो छेक्ने कति छन कति
दाउ कुरेर बसेका ढुकुवाहरूको विगविगी
पर्खेर बस्नेहरू पनि होलान फसाउन
छेपारे बैंस बोकेर तान्न खोज्ने
तर कोइली भनेको त कागले गीत पो गायो

अब टुङ्गिनु पर्छ
भ्रमका गीतहरू
अब फाड्नु पर्छ
अयोग्यताका झालहरू
अब सङ्लनु पर्छ
टुकुचाका पानीहरू
अब चिन्नु पर्छ
कोइली र कागहरू ।

फोहोरै फोहरको काज छ
कागका बथानको राज छ
कोइलीका मधुर आवाज
मलिन मलिन छ
धुमिल धुमिल छ
आफ्नो माधुर्यता फर्काउन
कागहरू विरूद्धको संधर्ष जारी छ

कागहरूको बथान छ
कोइलीहरूको भनाभन छ
फोहोरको डुङ्गुरै डुङ्गुर छ
सफा गर्नु पर्ने आह्वान छ
तर, कोइलीहरूको भनाभन छ

भनाभन छोट्याउनु पर्छ
पीर मर्कालाई सघाउनु पर्छ
संघर्षबाट नै सच्चिने हो
संघर्षलाई गतिमान बनाउनु पर्छ

फोहोर उनीहरूको अस्तित्व हो
स्वच्छ पानीका फोहोराले
वस्तीहरू चम्काउनु पर्छ
फोहरमा रमाउनेहरूको राजकाज
पूर्ण रूपमा उल्टाउनु पर्छ ... २

# कर्मयोगी बद्रीविक्रम थापाको १०१ औं स्मृति दिवस तथा "राष्ट्र गौरव पुरस्कार समर्पण" सम्पन्न

**जयराम बिडारी**

काठमाडौ ।''बोलेको कुरा गरेर देखाउन थाले पछि थोरै बोल्न करै लाग्छ'' भन्ने मूल मन्त्र अंगिकार गरिएको कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीद्वारा थापाको १०१औं जन्म स्मृति सभा तथा 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार समर्पण समारोह सम्पन्न गरिएको छ ।



राष्ट्रीय सभागृहमा आयोजित कार्यक्रममा गुठीका अध्यक्ष तथा काठमाण्डौ विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. डा. सुरेशराज शर्माको अध्यक्षता तथा त्रिविविका पूर्व उपकुलपति प्रा. केदारभक्त माथेमाको प्रमुख आतिथ्यता एवं बिशिष्ट अतिथि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मंत्री सरत् सिंह भण्डारी, पूर्व उपप्रधान तथा गृहमंत्री कमल थापा तथा पूर्व मंत्री शशी श्रेष्ठ लगायत नेपाल सरकारका पूर्व सचिव भरत बहादुर थापा एवं नेपाल आँखा अस्पतालका अध्यक्ष डा.गोपाल प्रसाद पोखरेल आयोजक सदस्य अरुण विक्रम थापा लगायत गुठीका सल्लाहकार हरुको आतिथ्यता लगायत हजारौं जनमानसको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि त्रिविविका पूर्व उपकुलपति प्रा. केदारभक्त माथेमाद्वारा नेपाल आँखा अस्पतालका अध्यक्ष डा.गोपाल प्रसाद पोखरेललाई दुई लाख बाईस हजार दुई सय बाईस नगद राशी सहित प्रमाण पत्र द्वारा 'सेवा पुरस्कार २०८० ' ले सम्मानित गरिएको थियो । साथै बिशिष्ट अतिथि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मंत्री सरत् सिंह भण्डारीद्वारा 'बद्रीविक्रम राष्ट्रीयगौरव' पुरस्कारबाट पूर्व सचिव भरत बहादुर थापालाई दुई लाख बाईस हजार दुई सय बाईस नगद राशि सहित प्रमाण पत्र द्वारा सम्मानित गरिएको थियो भने 'बन्दना तथा बद्रीविक्रम थापा चरित्रनिर्माण पुरस्कारबाट हिन्दुबिद्यापीठ-नेपाल, थली कि छात्रा प्रतिमा सापकोटालाई डा.लोकविक्रम थापाद्वारा दश हजार नगद राशि सहित प्रमाणपत्रले सम्मानित गरिएको थियो ।

यसैक्रममा गुठीले नियमित रुपमा प्रदान गदै आएको आर्थिक सहयोग यसपटक श्रमिक बाल विज्ञान आधारभूत सामुदायिक बिद्यालय पुल्चोक-३ ललितपुरका प्राधानाध्यापक परशुराम बराल तथा श्रीकृष्ण प्रणामी निजानन्द बृद्धाश्रम पुल्चोक ललितपुरका प्रतिनिधी विवेक बन्जारलाई प्रदान गरिएको थियो । साथै बद्रीविक्रम थापा श्रम सम्मान पुरस्कारबाट तपाहिटी पाटनका कुलरत्न खड्गी र न्हेछुमाया शाहीलाई जनही पच्चिस हजार नगद राशि सहित प्रमाण पत्रद्वारा समामानित गरिएको थियो ।

उक्त कार्यक्रममा उपस्थित जनमानसलाई चिन्तामणि योगीद्वारा स्वागत मन्तव्य राखिएको थियो । कार्यक्रममा सम्मानित ब्यक्तित्व नेपाल आँखा अस्पतालका अध्यक्ष डा. गोपाल पोखरेल द्वारा विराट् व्यक्तित्व कर्मयोगी बद्रीविक्रम थापा स्मृति कोषको गरिमामय पुरस्कारबाट आफू लगायत नेपाल आँखा अस्पताल समेत सम्मानित हुन पाउँदाको क्षण सम्झदा भावविभोर हुदै त्यस्ता यशस्वी ब्यक्तित्वको नामबाट आफूले नेतृत्व गरेको संस्था सम्मानित र पुरस्कृत हुन पाएकोमा आफूले देश र समाजको लागि थोरै भएपनि योगदान गरेको रहेछु भन्ने बोध भएको र पुरस्कार राशि बाट प्राप्त रकमले आगामी दिनमा संस्थाकै उन्नयनका लागि ब्यवस्थित गरिने बिचार ब्यक्त गरेका छन् ।

यसैक्रममा अर्का सम्मानित ब्यक्तित्व नेपाल सरकारका पूर्व सचिव भरत बहादुर थापाद्वारा नेपालको प्रशासनिक एवं समाजसेवा क्षेत्रका विलक्षण ब्यक्तित्व कर्मयोगी बद्रीविक्रम थापाका बारेमा प्रकाश पार्दै प्राप्त पुरस्कारले आफूलाई उत्साहित बनाएको विचार ब्यक्त गर्दै बद्रीविक्रम थापाको १०१औं जन्मजयन्तीका अवसर पारेर आफूलाई 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार २०८० ' बाट सम्मानित गरिएकोमा हार्दिक आभार ब्यक्त गरेका छन् ।

उक्त कार्यक्रममा पूर्व उपप्रधान तथा गृहमंत्री कमल थापाद्वारा 'कर्मयोगी बद्रीविक्रम थापा' जस्तो निश्पक्ष र पारदर्शी प्रशासन संचालक एवं सादा जीवन उच्च विचारका संबाहकको स्मृति दिवसमा सहभागीता जनाउन पाउंदा गौरवान्वित महसूस हुने बताउंदै उनको योगदानका बारेमा चर्चा गरेका छन् । यसैक्रममा श्रम रोजगार तथा सामाजिक सुरक्षा मंत्री सरत् सिंह भण्डारीद्वारा सानै उमेरमा राणाशासनबाट देशलाई मुक्ति दिलाउन बिशेष भूमिका निभाउने बद्रीविक्रम थापाको योगदानको बारेमा चर्चा गर्दै गुठीले सामाजिक सेवा तथा विविध क्षेत्रमा पुर्याएको योगदानका बारेमा चर्चा गरेका छन् ।

प्रमुख अतिथिको भूमिकामा रहेका त्रिविविका पूर्व उपकुलपति प्रा. केदारभक्त माथेमाले सामाजिक क्षेत्रका बिराट ब्यक्तित्वहरुलाई आफ्नो हातले सम्मानित गर्न पाउनु गौरवको बिषय भएको बताउंदै राष्ट्रीय भावनालाई जनमनमा कसरी बृद्धि गर्दै लैजान सकिन्छ भन्ने बिषयमा कर्मयोगी बद्रीविक्रम थापाको अनुकरणीय जीवनशैली निष्काम समाजसेवाका बारेमा बिमर्श गरेका थिए ।

उक्त कार्यक्रममा 'सेवा नेपाल' सत्यमोहन जोशी स्मृति अंक २०८० लोकार्पण समेत गरिएको थियो । राजेश खनालद्वारा आकर्षक रुपमा संचालित उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न गरिएको थियो ।

**'नखरा कबूल' विद्युतीय तरङ्गमा**

काठमाडौ । सबाईकार तथा गीतकार नारायण नेपालको पछिल्लो सिर्जना 'नखरा कबूल' विद्युतीय लहरमा तरङ्गित छ ।

मुटु साटेर माया लाएपछि विश्वास पनि गर्नसिक्नुपर्छ र प्रतिक्षा पनि गर्नुपर्ने हुनसक्छ भन्ने भावको उक्त प्रेमिल गजल जानेमाने व्यवशायी तथा गायक विकास राणाको स्वर अनि चर्चित सङ्गीतकार शशीविक्रम थापाको सङ्गीतमा छ ।

विनोद भुजेलको सङ्गीत संयोजन अनि निकेश खड्काको निर्देशन रहेको यस गजलमा अभिनेत्री वर्षा सिवाकोटी र अभिनेता पुष्प खड्कालगायतलाई देख्नसकिने छ ।

बुद्ध थापाको छायाँकन रहेको विडियोलाई विकाश धमलाले सम्पादन गरेका हुन् । गीतकार नेपाल एन्जो मेन्जो, अझै किन, सग्लो थियो, आह्लाद ई नजरमा, हल्का पागल, कालो-कालो चस्मा लाउने, देउरालीको साइँजस्ता गीत-गजलका लागि चिनिनुहुन्छ ।

का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८

# टाटा जेन्युइन स्पेयर पार्ट्सको मूल्य घट्यो

काठमाडौ । सिप्रदीको सम्पूर्ण नेटवर्क - सिप्रदी सर्भिस सेन्टर,आधिकारिक सर्भिस सेन्टर, टाटा जेन्यूइन् पार्टस् को डिलर नेटवर्क, च्याम्पियन जोन, सर्टिफाइड ग्यारेज र आकस्मिक मर्मत सेवा केन्द्रमा श्रावण महिनादेखि समायोजित मूल्य लागु भएको छ ।




टाटा मोटर्सको नेपालका लागि एक मात्र आधिकारीक वितरक सिप्रदी कम्पनिजले ग्राहकवर्गहरुको चाहना र अपेक्षालाई मध्यनजर गर्दै टाटाका जेन्युइन पार्टसहरुको मूल्य समायोजन गरेको छ ।

हाल विद्यमान प्रतिकुल परिस्थितिको कारणले ग्राहकवर्गमा पर्न गएको असरलाई केहीकम गर्ने उदेश्यले सिप्रदी र टाटा मोटर्स्को संयुक्त पहलमा टाटा कमर्सियल गाडीको जेन्यूइन् पार्ट्सहरुको मूल्य समायोजन गरिएको हो । अब ग्राहकवर्गहरुले पहिलेको दाँजोमा कम मूल्यमै टाटा जेन्यूइन पार्ट्सहरु प्राप्त गर्न सक्नेछन् । कम्पनीका अनुसार सिप्रदीको ग्राहकमुखि अवधारणा अनुरुप टाटा जेन्यूइन पार्ट्सको मूल्य घटाइएको हो । अब टाटा कमर्सियल गाडीका ग्राहकवर्गहरुले सिप्रदीका वर्कशपहरुमा अनुभवि तथा दक्ष प्रविधिकहरुबाट गाडीको चेकजाँच गर्दा कमखर्चमा टाटा जेन्यूइन पार्ट्सको प्रयोगबाट गुणस्तरिय सर्भिसिंगको फाइदा उठाउन सक्नेछन् । यस मूल्य समायोजन पश्चात ग्राहकवर्गको व्यवसाय तथा मुनाफामा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ ।

समायोजित मूल्य यहि मिति २०८० श्रावण महिनाबाट नेपालभरि रहेका सिप्रदीको सम्पूर्ण नेटवर्क-सिप्रदी सर्भिस सेन्टर, आधिकारिक सर्भिस सेन्टर, टाटा जेन्यूइन् पार्टस् को डिलर नेटवर्क, च्याम्पियन जोन, सर्टिफाइड ग्यारेज र आकस्मिक मर्मत सेवा केन्द्रमा लागु भएको सिप्रदीले सार्वजनिक गरेको छ ।

साथै सिप्रदी सर्भिस सेन्टरमा फेरिएका टाटा जेन्यूइन् पार्टस्हरुमा ६ महिना वा ५०,००० कि.मि. सम्मको वारेन्टी सुविधा पनि कम्पनिले प्रदान् गर्दे आईरहेको छ।

अन्य सेवाहरु तथा थप जानकारीका लागि सिप्रदीको टोल फ्रीनम्बर १६६००१५५७७७ वा ९८०१५७५७७७ मा सम्पर्क गर्न सकिने उल्लेख गरेको छ ।

**सिप्रदीका बारेमा**

देशकै ठूलो प्रतिष्ठित ब्राण्ड सिप्रदी टेड्रिङ्ग मुख्यत: अटोमोटिभ तथा एलाइड व्यवसायमा संलग्न छ । ४१ बर्ष देखि यो व्यवसायमा संलग्न सिप्रदीको बार्षिक आय ३५० मिलियन अमेरिकी डलर भन्दा बढी छ । अटोमेटिभ, इनर्जी, लुब्रीकेन्ट, वित्तिय सेवाहरु तथा इक्यूपमेन्ट व्यवसायको क्षेत्रमा द्रुत गतिमा फस्टाईरहेको छ । सन् १९८२ देखि टाटा मोटर्स्को एक मात्र बिक्रेता सिप्रदी टेड्रिङ्ग ISO 9001M2015 प्रमाणित कम्पनी हो ।

सिप्रदीको नेपालभर सबैभन्दा ठूलो बिक्री तथा सेवा वितरण संजाल रहेको छ । टाटा मोर्टर्सका सम्पूर्ण रेन्जका प्यासेन्जर र कमर्सियल गाडीरुको बिक्रि वितरण गर्न सिप्रदीको नेपालभर २७ वटा बिक्रि कार्यालयहरु र ५३ वटा सर्भिस सेन्टरहरू रहेका छन् । साथै देशभर २६९ वटा स्पेयर आउटलेटहरू रहेका छन् । सिप्रदी एक्साइड ब्याट्रीज, म्याक लुब्रिकेन्ट्स र मिसेलिन टायरको पनि वितरक हो । हाल नेपालमा ईलेक्ट्रिक ट्याक्सीको रुपमा प्रयोग भईरहेको एक्सप्रेस टी निक्कै लोकप्रीय हुदै गईरहेको छ ।

# Vespa/Aprilia को नयाँ शोरुम कान्तिपथमा

काठमाडौँ । Vespa/Aprilia को नयाँ शोरुम अब कान्तिपथमा । Vespa/Aprilia को नेपालका लागि आधिकारिक बिक्रेता डेल्टा अटोकर्व प्रा।लि ले मिति २०८० साल साउन ८ गते को दिन, सोमबार आफ्नो नयाँ Vespa/Aprilia को शोरुम र Vespa/ Aprilia Indian, का Country Head भानु प्रकाश सुध ज्यू बाट उद्घाटन गरियो । Delta Autocorp Pvt.Ltd. का का म्यानेजिङ डिरेक्टर पुल्कित भिमसरिया ज्यू र प्रा।लि। का निर्देशक तथा प्रमुख कार्यकारि अधिकृत विजयकुमार महतो ज्यू को उपस्थितिमा, आज बाट कान्तिपथ शोरुम सञ्चालनमा ल्याएको छ ।



यसै गरि Delta Autocorp Pvt. Ltd. का निर्देशक तथा प्रमुख कार्यकारि अधिकृत विजयकुमार महतो ज्यूले आफ्नो ग्राहकहरुलाई सरल गराउन विभिन्न ठाउँहरुमा आफ्नो शोरुम र सर्भिस सञ्चालनमा ल्याउने जानकारी गराएका छन् ।

Delta Autocorp ले आफ्नो सेवाहरु नेपालको विभिन्न ठाउँहरूमा सञ्चालन गरिएको जानकारि यसै प्रा।लि।का निर्देशक तथा प्रमुख कार्यकारि अधिकृत विजयकुमार महतो ज्यूले गराउनु भएको छ । अन्तत यसै Delta Autocorp को मार्रकेटिङका अनिष खड्का ज्युले आगामि दिनहरुमा विभिन्न राइडहरुका साथै सर्भिस क्याम्पहरु गराऊने जानकारी गराएका छन् ।

यसका साथै, Delta Autocorp ले आफ्नो नयाँ शोरुमहरु काठमाडौ उपत्यकाको विभिन्न ठाउँहररुमा र काठमाडौँ उपत्यका बाहिर ५० भन्दा बढि विभिन्न ठाउँहरुमा आफ्नो सेवासुविधाहरु प्रधान गराउदै आइरहेको जानकारि गराइएको छ ।

# आगामी असोजदेखि द्रुत बससेवा सञ्चालन

काठमाडौं । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आगामी असोज १ गतेदेखि द्रुत बससेवा सञ्चालन गरिने बताउनुभएको छ। एकीकृत सरकारी कर्मचारी सङ्गठनद्वारा आज आयोजित कार्यक्रममा उहाँले पहिलो चरणमा धुलिखेलदेखि रत्नपार्कसम्म ४० सिट क्षमताका २५ वटा बस सञ्चालनका लागि गृहकार्य भइरहेको जानकारी दिए ।



उक्त सेवाका लागि छुट्टै सडक ल्यान्ड निर्माण थालिएको बताउँदै उनले सडक जाम हुने पिक आवरमा साँझ र बिहान सञ्चालन गर्ने सेवाबाट सर्वसाधारण लाभान्वित हुने विश्वास व्यक्त गरे। सेवालाई क्रमिक रूपमा काठमाडौँ उपत्यकामा विस्तार गरिने उनको भनाइ थियो । मन्त्री ज्वालाले निजामती सेवा ऐन छिट्टै ल्याउन छलफल चलिरहेको जानकारी दिँदै आगामी अधिवेशनमा पारित गरिने विचार व्यक्त गे ।

यसैबीच भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका राज्यमन्त्री नन्दा चपाईले निजामती आन्दोलनका शहीदहरु मनोज जोशी, झपेन्द्र कार्की तथा सुरेन्द्र विकको स्मृति दिवसका अवसरमा सिभिल अस्पतालका बिरामीलाई फलफूल वितरण गरे। उनले सो अस्पतालमा उपचाररत एक सय ५० जना बिरामीलाई फलफूल वितरण गरेका हुन ।

काठमाडौँको नयाँ बानेश्वरस्थित निजामती अस्पतालको सभाहलमा निजामती आन्दोलनका शहीदहरुको सम्झनामा सो कार्यक्रम आयोजना गरिएको थियो । नेकपा (एकीकृत समाजवादी) निकट सरकारी कर्मचारी सङ्गठनले सो कार्यक्रम आयोजना गरेको हो ।

# नाडा अटो शो २०२३ को लागि लक्की ड्र सम्पन्न

काठमाडौ । मिति २०८० श्रावण १४ गते नाडाले वल्ड ट्रेड सेण्टर, काठमाण्डौको त्रिपुरेश्वरमा स्टल निर्धारणका लागि लटरी ड्र सम्पन्न गरेको छ ।

एक्सपोको १५ औं संस्करणको नाडा अटो एक्सपो २०२३, यही आउदो २०८० साल भाद्र २६ गते देखि ३१ गतेसम्म काठमाण्डौ प्रदर्शनीमार्गको भृकुटीमण्डप परिसरमा आयोजना हुदैछ । सो प्रदर्शनीमा सहभागी हुने अटोमोवाइल कम्पनीहरुले आफना नयाँ मोडलका सवारी साधनहरुको विक्रीका लागि विभिन्न छुट र सुविधा सहीतका प्याकेजहरु समेत दिने भएकोले यो प्रदर्शनी विगतका प्रदर्शनीहरु भन्दा थप भव्य, व्यवस्थित र बृहत रुपमा आयोजना हुने आयोजकको भनाई छ ।



नाडा अटो एक्सपोमा सहभागी हुने सवै फर्म/कम्पनीरुले समान अवसर प्राप्त गरोस भन्ने उद्धेश्यले नाडाले लटरी ड्र मार्फत स्टलहरुको वितरण गर्दे आएको छ। स्टल बुकिङ्गका लागि नाडाले यस अघि नै सूचना समेत प्रकाशित गरिसकेको थियो । नाडा अटो एक्सपो २०२३ मा विगतमा भन्दा उत्साहजनक रुपमा अटोमोवाइल कम्पनीहरु सहभागी भएको पत्रकार सम्मेलनमा उल्लेख गरिएको थियो । प्रदर्शनीमा यस्तो उल्लेख्य र उत्साहजनक सहभागिताबाट नाडा पनि थप उत्साहित भएको छ भन्दै नाडाका अध्यक्षले खुशी ब्यक्त गरेका थिए । नाडा अटो एक्सपो २०२०, २०२१ र २०२२ कोभिड महामारी लगायत अन्य विभिन्न कारणहरुबाट आयोजना हुन सकेको थिएन ।

दर्शकहरुले यस प्रर्दशनीमा विद्युतिय सवारी साधनहरु लगायत चार बर्ष पछी हालसम्मका नयाँ मोडलहरुको अवलोकन गर्न पाउने छन्। खाशगरी यस प्रदर्शनीमा विभिन्न ब्राण्ड र मोडेलका सवारी साधनहरु र त्यसमा प्रयोग हुने टायर टयूव, लुविकेण्टस, स्पेयर पार्टस, एसेसरिज, अटो कम्पोनेन्ट्स् एवं ग्यारेज उपकरणहरु लगायतका विभिन्न सामग्रीहरु सहित कूल ८२ वटा स्टलहरु प्रदर्शनीमा रहने छन् । जसमध्ये चारपाँग्रे सवारी साधन १७, दुई पाँग्रे २३ ,कमसियल सवारी साधन ६, बैक तथा वितिय निकायहरु ५, स्पेयर पार्टस, टायर लुव्रिकण्टस, कम्पोनेण्ट र एसेसरिज ३१ रहने छन् । स्मरणीय छ, विभिन्न अवरोधहरुका वावजुद पनि नाडाले गत बर्ष भव्यताका साथ नाडा इभि एक्सपो २०२२ सम्पन गरेको थियो । विभिन्न कारणहरुले विगतमा सुस्ताएको अटोमोवाइल व्यवसाय केही चलायमान हुने अपेक्षा राखिएको छ। नेपालको सवैभन्दा ठूलो र भव्य रुपमा सम्पन्न हुदै आएको नाडा अटो एक्सपोको १५ औं संस्करणको नाडा अटो एक्सपो २०२३ ...

प्रदर्शनीमा एक लाख भन्दा बढी दर्शकले अवलोकन गर्ने र करिव २० अरव भन्दा बढीको कारोबार हुने आशा गरिएको छ । त्यसैगरी यस प्रदर्शनीको सम्पूर्ण व्यवस्थापन ग्लोवल एक्सपोजिशन एण्ड मेनजमेण्ट सर्विस प्रा.लिले गर्ने भएको छ ।

सर्पको टोकाईबाट बचौं

- घरवरिपरी सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस